# परिच्छेद - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

नेपाल बहुभाषिक, बहुसाँस्कृतिक, बहुजातीय, बहुवर्गीय र भौगोलिक दृष्टिले विविधतायुक्त देश हो । विविध भौगोलिक क्षेत्रमा बसोबास गर्ने विभिन्न जातीको आ-आफ्नै रितिरिवाज, परम्परा र विशेषताहरु रहेका छन् । नेपालले विश्वको कुल भु-भागको ०.०३% र एशियाको ०.३% क्षेत्रफल ओगटेको छ । भौगोलिक र साँस्कृतिक विविधताले भरिएको देशको रुपमा नेपाललाई चिनिन्छ । मानव समुदायको हरेक क्रियाकलापलाई शिक्षाको सकारात्मक प्रभाव पारेको हुन्छ । देश विकासमा त्यस देशको शिक्षा प्रणालीले सहयोग पुऱ्याएको हुन्छ । शिक्षा मानव जीवनको ज्योति हो र यो बालबालिकाको सर्वाङ्गीण पक्षको विकासको माध्यम पनि हो । शिक्षाले सामाजिक न्यायको प्रतिस्थापन गर्दछ । अहिलेको विश्व परिवेशमा हेर्ने हो भने हरेक राष्ट्रका हरेका नागरिकले शिक्षा प्राप्त गर्नु जरुरी र अनिवार्य छ (प्रधान,२०६२) ।

नेपालको कानूनले बालबालिकाहरुको परिभाषा  गरेको छ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ । श्रम ऐन २०४८ को दफा २ (ज) मा केटाकेटी भन्नाले १४ वर्ष उमेर नपुगेका व्यक्ति सम्झनु पर्दछ । यसैगरी श्रम ऐनको दफा २ (क) मा नाबालिक भन्नाले १४ वर्ष उमेर पुगेको तर १८ वर्ष उमेर नपुगेको व्यक्ति सम्झनु पर्दछ । सोही ऐनको दफा २ (त्र) मा वालिग भन्नाले १८ वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्दछ भनी उल्लेख गरिएको छ । यसैगरी बालबालिका सम्वन्धी ऐन २०४८ र बालश्रम निषेध र नियन्त्रित गर्न बनेको ऐन २०५६ दुवैका अनुसार बालबालिका भन्नाले १६ वर्ष उमेर नपुगेका केटाकेटी लाई सम्झनु पर्दछ (श्रेष्ठ,२०५५) ।

बालबालिका मानव समाजका अत्यन्त महत्वपूर्ण र संवेदनशील अवस्था हुन् । प्रथम विश्व युद्धले गरेको धनजनको क्षति पछि विचल्लीमा परेका बालबालिकाको संरक्षण र सम्वर्द्धन कसरी गर्ने भन्ने सन्दर्भमा सन् १९२१ को बालअधिकार घोषणा मस्यौदालाई सन् १९२४ को जेनेभा घोषणापत्रमा समावेश गरियो । बाल अधिकारको अवधारणाको विकासमा सन् १९४८ डिसेम्वर १० को मानव अधिकार सम्वन्धी घोषणापत्रले महत्वपूर्ण योगदान दियो तर पनि बालबालिकाको विशेष संरक्षण र सुरक्षाको आवाज उठ्न सकेन । सन् १९५९ मा प्रस्तुत १० बुँदे बाल अधिकार सम्वन्धी विश्वव्यापी घोषणापत्रले बालकको बाँच्ने अधिकार र बालविकासलाई जोड दियो । सन् १९७९ लाई संयुक्त राष्ट्र संघद्धारा अर्न्तराष्ट्रिय बाल वर्ष मनाउने घोषणा गरियो । यसैगरि १९८९ नोभेम्वर २० मा संयुक्त राष्ट्र संघको महासभाले पारित गऱ्यो । त्यसरी नै सन् १९९० लाई सार्क बालबालिका वर्ष घोषणा गरियो र सन् १९९१ मा नेपालले वाल

अधिकार सम्वन्धी महासन्धी (The Convention on the Rights of the Child: CRC) मा हस्ताक्षर गऱ्यो । यो सन्धीलाई अहिले सम्म संसारका १९३ राष्ट्रले अनुमोदन गरेका छन् । यो संसारकै सबैभन्दा बढी राष्ट्रले अनुमोदन गरेको महासन्धीमा पर्दछ ।

बाल अधिकार र नेपालको संवैधानिक इतिहासलाई केलाउने हो भने नेपालको पहिलो लागु भएको लिखित संविधानका रुपमा मानिने "नेपाल अन्तरिम शासन विधान २००४" मा बालबालिकाको शिक्षाको अधिकार, जोखिमयुक्त कामबाट संरक्षण पाउने अधिकार लगायतका बालबालिकाप्रति सकारात्मक विभेद गर्न सकिने व्यवस्था भएको पाइन्छ । नेपाल अधिराज्यको संविधान २०४७ ले जन्मका आधारमा नागरिकता पाउने लगायत थप केही व्यवस्था गरेको छ । नेपालको अन्तरिम संविधान २०६३ भने बाल अधिकारको दृष्टिबाट समेत प्रगतिशील देखिन्छ जसले बालबालिकाहरुको हक अर्न्तगत पहिचान तथा नामको हक, पालनपोषण, आधारभुत स्वास्थ्य र सामाजिक सुरक्षा पाउने हक, शोषण विरुद्धको हक, क्षतिपूर्ति पाउने हक, जोखिममा परेका बालबालिकालाई विशेष सुविधा पाउने हक, जोखिमपूर्ण काम तथा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न नपाउने हक लगायत आधारभुत स्वास्थ्य सेवा तथा मा.वि.तह सम्मको शिक्षा कानूनमा व्यवस्था भए अनुसार निःशुल्क पाउने हक लगायतका बारेमा उल्लेख गरेको छ । बालापन तथा आधारभूत बालअधिकार बाट बञ्चित रहेर आफ्नो तथा परिवारको जीविकाको निम्ति बालबालिकाले श्रम बेच्न बाध्य हुनुपर्ने परिस्थिति नै बाल श्रम हो । बाल श्रम गरिबी, अशिक्षा, अचेतना तथा सामाजिक अन्यायको परिणति हो । जुन कुरा हाम्रो देशको विद्यमान आर्थिक सामाजिक संरचनाको अङ्ग बनेको छ । नेपालको बालबालिका सम्वन्धी ऐन र श्रम ऐनले १४ वर्ष मुनिका बालबालिकालाई श्रमिकको रुपमा काममा लगाउन बन्देज गरेको छ (दाहाल, २०५१) ।

१६ वर्ष मुनिका बालबालिका कुल जनसंख्याको ४०.९३ प्रतिशत रहेको छ । विद्यालय जाने उमेरका कुल बालबालिका मध्ये ८७.४ प्रतिशत विद्यालयमा भर्ना भएको देखिन्छ । विगतको आन्तरिक द्वन्दको क्रममा २३० बालबालिकाको मृत्यु भएको र १०७ जना अपाङ्ग भएको पाईएको छ । बालबालिकाहरुको हितका लागि मुलुकी ऐनमा संशोधन र यौन र श्रम शोषण विरुद्ध कानुन निर्माण भएको छ । बालश्रम सम्बन्धि गुरुयोजना २०६१-०७१, (बालश्रम निषेध नियमित गर्ने) ऐन,२०५६ लागु भएको छ । बालअधिकार महासन्धिका इच्छाधिन आलेखहरु र सार्क माहासन्धि अनुमोदन भएका छन् । बालबालिकाका लागि १० वर्षे (२०६१-०७१)राष्ट्रिय कार्ययोजना अनुसार विभिन्न कार्यक्रमहरु सञ्चालन हुन थालेका छन् । बाल गृहहरु सञ्चालनका लागि न्युनतम मापदण्ड निर्धारण भएको छ । स्वास्थ्य,शिक्षा तथा बालसहभागितामा सुधार हुदै गएतापनि विशेष गरी दलित , आदिवासी, जनजाति ,मधेशी,ग्रामिण र गरिबीको मारमा परेका बालबालिका हरुको शिक्षा स्वास्थ्य लगाएतका सेवामा पहुँच र सामाजिक

सुरक्षाको स्थितिमा आशातीत रुपमा सुधार हुन सकेको छैन  त्रिवर्षीय योजना (२०६४/०६५-२०६६/०६७)।

शिक्षा बालबालिकाको जन्मसिद्ध अधिकार हो र प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ भन्दै बालबालिकाहरुका मौलिक अधिकारका रुपमा शिक्षालाई स्विकार गरिएको कुरा संयुक्त राष्ट्र संघको मानव अधिकार सम्वन्धी घोषणापत्रमा भनिएको छ । विश्वमा २४ करोड ६० लाख बालबालिका अहिले जोखिमपूर्ण अवस्थामा काम गरिरहेका छन् भने नेपालको कुल जनसंख्याको ४०% जनसंख्या १६ वर्ष भन्दा मुनिका बालबालिकाको रहेको छ । जसलाई संख्यामा हेर्दा ९२ लाख हुन आउँछ । उनीहरु मध्ये ४०% बालबालिका शिक्षाको अधिकारबाट वञ्चित रहेका छन् । यसरी नेपालमा ५ देखि १४ वर्ष उमेर समुहका करिब २६ लाख बालबालिका श्रमका विभिन्न क्षेत्रमा रहेका छन् (प्रधान,२०६२)।

सामान्य हिसाबबाट भन्ने हो भने शिक्षाबाट वञ्चित सबै जसो बालबालिका प्रत्यक्ष वा अप्रत्यक्ष वालश्रम शोषणबाट पीडित रहेका हुन्छन् । हाम्रो जस्तो देशको सन्दर्भमा भन्नुपर्दा जति धेरै उनीहरु विद्यालयमा समय बिताउँछन् त्यतिकै धेरै बालश्रम शोषणको प्रभावबाट मुक्त हुन्छन् । बालश्रमिकहरु खास गरि शहरीकरण संगै दिनप्रतिदिन बढ्दै गएका छन् । शहरमा सञ्चालित विभिन्न उद्योग कलकारखाना, घर,होटल, व्यापार, कृषि लगायतका क्षेत्रमा व्यापक बाल मजदुर प्रयोग भएको पाइन्छ।

त्यसरीनै बालश्रम भन्नाले बालबालिकालाई अर्थोपार्जनकालागी उनीहरुको श्रमको शोषण गर्नु बालश्रम हो । बालश्रमलाइ यस्तो अवस्थामा प्रयोगमा ल्याइन्छ जब बालबालिकालाइ आयआर्जन गर्न, परिवारको आम्दानी बढाउन र आर्थीक अवस्था मजबुद बनाउन जस्ता काममा लगाउने गरिन्छ । श्रम ऐन २०४८ अनुसार १४ वर्ष मूनिका बालबालिकालाइ अर्थोपार्जन कार्यमा संलग्न गराउन नपाउने र १४-१६ बर्ष सम्मका बालबालिकालाई बालकल्याणअधिकारी वा आमा बाबुको स्वीकृती प्राप्त गरेर साताको ३६ घण्टा काममा लगाउने प्रावधान छ । लगातार ३ घण्टा काम गरेपछी आधा घण्टा विश्राम र हप्ताको एक दिन बिदा दिनुपर्ने, त्यस्तै उनीहरुलाई दिनमा ६ घण्टा  साथै ६ बजे भन्दा पछि र बिहान ६ बजे भन्दा अगाडी काममा लगाउन नहुने व्यवस्था छ । भने बालबालिका सम्बन्धि ऐन २०४८ र बालश्रम निषेध र नियन्त्रित गर्न बनेको ऐन २०५६ मा १६ वर्ष भन्दा मुनिका बालबालिकालाई कुनैपनी काममा लगाउन हुदैन भनेको छ  त्यस्तै बालबालिका सम्बन्धि अन्तराष्ट्रिय सम्मेलन १९९० ले १६ बर्ष भन्दा मुनिको उमेरलाई बालबालिका मान्दै बालश्रमलाई यसरी परिभाषित गरेको छ । बालबालिकाको स्वास्थ वा तिनीहरुको शारिरीक, मानसिक, शैक्षिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानी पुग्ने काममा लगाउनु बालश्रम हो  (काफ्ले, ढकाल र अधिकारी,२०६५)।

अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) ले जुन १, १९९९ मा बालश्रम उन्मुलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि नं १८२ पारित गरेको हो । जसमा नेपाल लगायत कयौं राष्ट्रहरुले अनुमोदन गरिसकेका छन् । यसमा उल्लेख भए अनुसार श्रमिक बालबालिकाहरुको लागि निशुल्क तथा आधारभूत शिक्षा र व्यवसायिक तालिम उपलब्ध गराउनु पर्ने राज्यको दायित्व हो जसमा खासगरी जोखिममा पर्ने अदृश्य श्रम क्षेत्रहरु लगायत अन्य विशेष अवस्थामा रहेका बालबालिकाहरुलाई ध्यान दिनुपर्ने कुरा उल्लेख छ । विश्वव्यापी रुपमा बालबालिकाहरुको आर्थिक शोषण र शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा बाधा पुऱ्याउने श्रमबाट जोगाउँदै उनीहरुको अधिकार विशेषतः उनीहरुको निशुल्क र सार्थक शिक्षा पाउने अधिकारका रुपमा लागिनु पर्ने नै ILO को प्रमुख उद्देश्य रहेको छ ।

"सबैका लागि शिक्षा" भन्ने सन् १९९० मा थाइल्याण्डको जोमटिन सम्मेलन र सन् २००० को अप्रिल २६/२७ मा सेनेगलको डाकार (Dakar) मा भएको सम्मेलनमा नेपालले जनाएको प्रतिवद्धताको फलस्वरुप विद्यालय जाने उमेर समुहका सम्पूर्ण बालबालिकालाई विद्यालयमा भर्ना गराउन बृहत रुपमा विभिन्न कार्यक्रम सञ्चालन भए पनि १६% बालबालिकालाई अझै विद्यालय ल्याउन सकिएको छैन ( पोखेल २०६२) ।

त्यसरीनै बालश्रम भन्नाले बालबालिकालाई अर्थोपार्जनकालागी उनीहरुको श्रमको शोषण गर्नु बालश्रम हो । बालश्रमलाइ यस्तो अवस्थामा प्रयोगमा ल्याइन्छ जब बालबालिकालाइ आयआर्जन गर्न, परिवारको आम्दानी बढाउन र आर्थीक अवस्था मजबुद बनाउन जस्ता काममा लगाउने गरिन्छ । श्रम ऐन २०४८ अनुसार १४ वर्ष मूनिका बालबालिकालाइ अर्थोपार्जन कार्यमा संलग्न गराउन नपाउने र १४-१६ बर्ष सम्मका बालबालिकालाई बालकल्याणअधिकारी वा आमा बाबुको स्वीकृती प्राप्त गरेर साताको ३६ घण्टा काममा लगाउने प्रावधान छ । लगातार ३ घण्टा काम गरेपछी आधा घण्टा विश्राम र हप्ताको एक दिन बिदा दिनुपर्ने, त्यस्तै उनीहरुलाई दिनमा ६ घण्टा साथै ६ बजे भन्दा पछि र बिहान ६ बजे भन्दा अगाडी काममा लगाउन नहुने व्यवस्था छ । भने बालबालिका सम्बन्धि ऐन २०४८ र बालश्रम निषेध र नियन्त्रित गर्न बनेको ऐन २०५६ मा १६ वर्ष भन्दा मुनिका बालबालिकालाई कुनैपनी काममा लगाउन हुदैन भनेको छ त्यस्तै बालबालिका सम्बन्धि अन्तराष्ट्रिय सम्मेलन १९९० ले १६ बर्ष भन्दा मुनिको उमेरलाई बालबालिका मान्दै बालश्रमलाई यसरी परिभाषित गरेको छ । बालबालिकाको स्वास्थ वा तिनीहरुको शारिरीक, मानसिक, शैक्षिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानी पुग्ने काममा लगाउनु बालश्रम हो (काफ्ले, ढकाल र अधिकारी,२०६८) ।

साँघुरो अर्थमा ज्याला पाउने काममा बालबालिकालाई संलग्न गराउनु बालश्रम हो भने बृहत अर्थमा ज्याला नपाएपनी आफ्नै घर वा जहासुकै भएपनी १६ वर्ष उमेर नपुग्दै श्रम गर्नु बालश्रम हो । शिक्षाबाट वञ्चित सबै जसो बालबालिका प्रत्यक्ष वा अप्रत्यक्ष वालश्रम शोषणबाट पीडित रहेका हुन्छन् ।

हाम्रो जस्तो देशको सन्दर्भमा भन्नुपर्दा जति धेरै उनीहरु विद्यालयमा समय बिताउँछन् त्यतिकै धेरै बालश्रम शोषणको प्रभावबाट मुक्त हुन्छन् । बालश्रमिकहरु खास गरि शहरीकरण संगै दिनप्रतिदिन बढ्दै गएका छन् । शहरमा सञ्चालित विभिन्न उद्योग कलकारखाना, होटल, व्यापार, कृषि लगायतका क्षेत्रमा व्यापक बाल मजदुर प्रयोग भएको पाइन्छ । सबैका निम्ति शिक्षा एक विश्वव्यापी अभियान हो । जन्मे हुर्केका प्रत्येक बालबालिकालाई निःशुल्क, गुणस्तरीय र सार्थक शिक्षा उपलब्ध गराउनु प्रत्येक राज्यको आधारभुत जिम्मेवारी हो । नेपालमा पनि शिक्षाको उज्यालो घामबाट वञ्चित बालबालिका वा बाल श्रमिकलाई बाल श्रमको जालोबाट उन्मुक्ति दिलाई उनीहरुलाई शैक्षिक अवसर दिनु राज्यको दायित्व हो ।

## १.२ समस्याको कथन

शिक्षा कुनै एक वर्ग विशेषको लागि मात्र नभएर सम्पूर्ण व्यक्तिको लागि आवश्यक छ । शिक्षाको उज्यालो ज्योति विना न त व्यक्तिको विकास हुन सक्छ न त राष्ट्रको विकास नै सम्भव छ । त्यसकारण देशको समानुपातिक विकासका लागि शिक्षा एक अपरिहार्य र अनिवार्य सर्त हो । “सबैका लागि शिक्षा” भन्ने सन् १९९० मा थाइल्याण्डको जोमटिन सम्मेलन र सन् २००० को अप्रिल २६/२७ मा सेनेगलको डकारमा भएको सम्मेलनमा नेपालले जनाएको प्रतिवद्धताको फलस्वरुप विद्यालय जाने उमेर समुहका सम्पूर्ण बालबालिकालाई विद्यालयमा भर्ना गराउन बृहत रुपमा विभिन्न कार्यक्रम सञ्चालन भए पनि १६% बालबालिकालाई अझै विद्यालय ल्याउन सकिएको छैन (पोखेल,२०६२) ।

आर्थिक र सामाजिक रुपमा पछि परेका बालश्रमिकहरु शिक्षाको मुल धारबाट बाहिर छन् । नेपालमा ५ देखि १४ वर्ष उमेर समुहका करिब २६ लाख बालबालिका श्रमका विभिन्न क्षेत्रमा रहेका छन् (प्रधान,२०६२) । बालश्रमिकले विद्यालय तहको शिक्षा पूरा गर्न नसकी रहेको अवस्था छ । त्यसकारण श्रमिक बालबालिकाको विद्यालयमा शैक्षिक पहुँचको स्थिति कस्तो रहेको छ ,बालश्रमिकको शैक्षिक अवस्था, बाल श्रमिकका शैक्षिक समस्या तथा अबरोधहरु के कस्ता छन् ? श्रमिक बालबालिकाको शैक्षिक अवस्था सुधार गर्न के-कस्ता निति तथा कार्यक्रमहरु बनेका छन् ? र कार्यान्वयनको अवस्था कस्तो छ ? भन्ने बिषयमा खासै खोज अनुसन्धान नभएको र केही अनुसन्धान जातीगत शैक्षिक अवस्था र लिङ्गगत शैक्षिक अवस्था जस्ता बिषयसगँ सम्बन्धित भएपनी काठमाण्डौको बिभिन्न क्षेत्रमा बसोबास गरी दिउसोमा काम गरी रात्री समयमा नन्दी रात्री मा.वि.मा अध्ययन गर्ने बाल श्रमिकको शैक्षिक अवस्थाका बारेमा अध्ययन नभएको देखिएकोले अनुसन्धानकर्ताले यस शीर्षकलाई समस्याको रुपमा छनौट गरेको हो ।

## १.३ अध्ययनको औचित्य

शिक्षाको राष्ट्रिय उदेश्यमा सबै बालबालिकालाई शिक्षामा समान अवसर दिने भनी उल्लेख गरिएको पाइन्छ तर पनि यसको कार्यन्यवन पक्षमा समानता रहेको पाइदैंन । बालबालिका सम्वन्धी ऐन

२०४८ मा बालश्रम शोषण गर्नु हुदैंन भनिएको छ तर पनि कार्यन्वयनको अवस्थामा त्यस्तो पाइदैंन । शिक्षामा सम्पूर्ण बालबालिकाको समान अवसर पहुँच अभिवृद्धि गर्ने कार्यक्रम प्रशस्त मात्रामा बृद्धि गरेता पनि बालश्रम अन्त्य गरि बालश्रमिकलाई शिक्षाको पहुँचमा कमी रहेको पाइन्छ । कमजोरीहरुलाई विभिन्न उपायको माध्यमबाट रोकथाम नगरिएमा भविष्यमा बालश्रमिकको शैक्षिक स्थिति झनै गिर्दै जाने संभावना छ । त्यसैले गर्दा अनुसन्धानकर्तालाई यस शिर्षक अर्न्तगत अध्ययन गर्नु महत्वपुर्ण लागेकोले यो अध्ययन त्यस तर्फ लक्षित छ । यो अध्ययन गरि सकेपछि निम्नानुसारका व्यक्ति वा संस्थालाई बालश्रमिकको शैक्षिक स्थिति उत्थानप्रति नीति योजना निर्माण र कार्यन्वयन गर्न ज्यादै सहयोग पुग्नेछ । बालश्रमिकको शैक्षिक अवस्थालई सुधार गर्नमा शिक्षा कार्यालय साथै अन्य शिक्षा संग सम्वन्धित सरकारी तथा गैर सरकारी संघ संस्थाहरुलाई सहयोग पुग्नेछ ।

- काठमाण्डौ जिल्ला काठमाण्डौ महा- नगरपालिकाको बिभिन्न स्थानमा बसोवास गरी दिउसोमा काम गरी रात्री समयमा नक्साल स्थित श्री नन्दी मा.वि.मा अध्ययन गर्ने श्रमिक बालबालिकाहरुको विद्यालय सहभागिताको स्थिति पहिचान गर्न सहयोग गर्नेछ ।
- बालश्रमिकको शैक्षिक उपलब्धिस्तर कस्तो छ  पहिचान गर्न सहयोग गर्नेछ ।
- बालश्रमिकका शैक्षिक समस्या पहिचान गर्न सहयोग गर्नेछ ।
- बालश्रमिकको शैक्षिक व्यवस्थापन के कसरी गर्न सकिन्छ भनी जानकारी दिन सहयोग गर्नेछ ।
- बालश्रमिकको शैक्षिक अवस्थालई सुधार गर्नमा शिक्षा कार्यालय साथै अन्य शिक्षा संग सम्वन्धित सरकारी तथा गैर सरकारी संघ संस्थाहरुलाई सहयोग गर्नेछ ।

यस अध्ययनले श्रमिक बालबालिकाको बारेमा अध्ययन गर्न र श्रमिक बालबालिकाको समग्र रुपमा नै शैक्षिक अवस्थाको थप अनुसन्धान कार्य गर्न सहयोग पुग्ने छ । अन्त्यमा यस अध्ययनबाट शिक्षासंग सम्वन्धित शिक्षाविद्, योजनविद्, पाठ्यक्रमविद्, शिक्षक अभिभावक तथा कानून निर्माता लगायत यस अध्ययन संग चासो राख्ने सम्पूर्ण व्यक्तिलाई यो अध्ययन सहयोगी बन्नेछ भन्ने धारणबाट यो अध्ययन गरिएको थियो ।

## १.४ अध्ययनको उद्देश्यहरु

हरेक कार्य शुरु गर्नुभन्दा अगाडि उदेश्य तयार गरिएको हुन्छ जसले कार्यलाई सहि बाटो देखाउँछ । उद्देश्य कुनै पनि योजनाको गन्तव्य स्थान हो । उद्देश्य विना कुनै पनि कार्य गर्न सकिदैन उक्त उद्देश्यहरुले नै सम्पूर्ण कार्यक्रमलाई मार्ग निर्देशन गर्ने काम गर्दछ । यसकारण यस अध्ययनकार्यको पनि निम्नानुसार उद्देश्यहरु राखिएका छन ,जुन निम्न प्रकारका छन् :-

- श्रमिक बालबालिकाको विद्यालय सहभागीताको स्थिति  पत्ता लगाउनु ।
- श्रमिक बालबालिकाको शैक्षिक उपलब्धीको अवस्था पहिचान गर्नु ।
- श्रमिक बालबालिकाको शैक्षिक समस्या पत्ता लगाउनु ।

**१.५ अनुसन्धानात्मक प्रश्नहरु**

यो अध्ययन प्रस्तावना काठमाण्डौ जिल्ला काठमाण्डौ महा- नगरपालिकाको बिभिन्न स्थानमा बसोवास गरी दिउसोमा काम गरी रात्री समयमा नक्साल स्थित श्री नन्दी मा.वि.मा अध्ययन गर्ने श्रमिक बालबालिकाहरुको विद्यालयमा शैक्षिक पहुँच, शैक्षिक स्थिति, समस्या तथा अवरोधहरु र श्रमिक बालबालिकाको शैक्षिक अवस्था सुधार गर्न बनेका निति तथा कार्यक्रमहरुको लेखाजोखा गर्नु रहेको छ र उक्त  अध्ययनले निम्न अनुसन्धानात्मक प्रश्नहरुको जवाफ खोजी गर्ने छ ।

i. श्रमिक बालबालिकाको विद्यालय सहभागीताको स्थिति  कस्तो छ ?
ii. श्रमिक बालबालिकाको विद्यालयमा भर्नाको अवस्था कस्तो छ ?
iii. भर्ना भएका श्रमिक बालबालिकाको विद्यालयमा नियमियता छ कि छैन ?
iv. विद्यालयमा अतिरिक्त क्रियाकलापमा सहभागी हुने अवसर पाएका छन् कि छैनन् ?
v. गृहकार्य दिन दिनै गर्ने गरेका छन् कि छैनन्  ?
vi. घरमा कति समय कुन समय पढाइमा दिन्छन् ?
vii. श्रमिक बालबालिकाको शैक्षिक उपलब्धीको अवस्था कस्तो छ ?
viii. श्रमिक बालबालिकाको कक्षा उत्तिर्ण/अनुत्तिर्ण दर कस्तो छ ?
ix. श्रमिक बालबालिकाको शैक्षिक समस्याहरु  के-के छन् ?

उपरोक्त प्रश्नहरुमा केन्द्रित रही यस अध्ययनको शीर्षक “श्रमिक बालबालिकाको शैक्षिक स्थिति” चयन गरि अध्ययन गर्ने सोंच राखिएको छ ।

**१.६ अध्ययनको सीमाङ्कन**

यो अध्ययनको क्षेत्र अनुसन्धान कर्ताको भौगोलिक निकटता र सिमित स्रोत र साधनमा सम्पन्न गर्नुपर्ने भएकाले र अध्ययनको लागी बाल श्रमिकले अध्ययन गर्ने विद्यालय श्री नन्दी रात्री मा. वि. को अवस्थितिलाई ध्यानमा राखी अध्ययनको क्षेत्रलाई सिमित गरिएको थियो । त्यसैले सिमित समय, साधन, स्रोत र लागायतलाई ध्यानमा राखेर यस अध्ययनलाई निम्नानुसारको सिमित क्षेत्र भित्र रहेर सम्पन्न गरिएको थियो ।

i. यो अध्ययन काठमाण्डौ महानगरपालिकाको नक्सालमा अवस्थित श्री नन्दी रात्री मा. वि. मा मात्र सिमित गरिएको थियो । जहाँ, धैरैजसो मजदुर/श्रमिक बालबालिकाले अध्ययन गर्दछन् ।

ii. यो अनुसन्धान श्रमिक बालबालिकाको विद्यालय भर्ना, कक्षा उपस्थिति, नियमित सहभागिता, शिक्षाका लागि स्थानीय, सरकारी र गैर सरकारी संस्थाबाट गरिएका प्रयासहरुमा सिमित गरिएको थियो ।

iii. विद्यालयको विवरण रेकर्ड, विद्यार्थी, प्र.अ., शिक्षक, अभिभावकहरुको प्रतिक्रियाबाट प्राप्त सूचनामा आधारित भएर गरिएको थियो ।

## १.७ अनुसन्धानमा प्रयोग भएका सम्वन्धित शब्दावलीको परिभाषा

**श्रमिक बालबालिका :-** बाल श्रम निषेध र नियन्त्रित गर्न बनेको ऐन(२०५६)अनुसार आफ्नो श्रम खर्च गर्ने १४ वर्ष भन्दा मुनिका बालबालिकालाई बुझिने छ ।

**श्रमिक विद्यार्थी :-** बिहान , दिउँसो वा बेलुका अरुको काममा ज्याला मजदुरी गरी वा आफ्नै आमाबाबु सगँ काम गरी फुर्सतको समयमा रात्रीकालीन समयमा अध्ययन गर्ने १६ वर्ष भन्दा मुनिका बालबालिकाहरु वा श्रमिक आमाबाबुका छोराछोरी जो विद्यालयमा भर्ना भई पढिरहेका छन् ।

**सरोकारवाला :-** बालश्रमिक सँग सम्बन्धित व्यक्तिहरु -(अभिभावक- श्रमिक विद्यार्थीलाई संरक्षण दिने परिवार), शिक्षकहरु, श्रमिक विद्यार्थीका सहपाठिहरु ।

# परिच्छेद - दुई
# पूर्व साहित्यको समिक्षा

कुनै पनि अध्ययन अनुसन्धानका लागि पूर्व साहित्यको सिंहावलोकन तथा समिक्षा गर्नु पर्ने हुन्छ । जसले अनुसन्धान विषयको बारेमा थप स्पष्ट धारणा थाहा पाउनका लागि सहयोग पुग्दछ । यस अध्ययनका क्रममा श्रमिक बालबालिकाहरुको शिक्षासंग सम्वन्धित पूर्व साहित्यको समिक्षा निम्नानुसार गरिएको छ ।

## २.१ अनुसन्धान प्रतिवेदनहरुको पुनरावलोकन

भट्टराई (२०६१), का अनुसार बालबालिकाहरुको शैक्षिक सहभागिता देखिएका समस्याहरुमा कमजोर आर्थिक अवस्था, विद्यालय पोषाक, भर्नाशुल्क, स्टेशनरी किन्ने पैसाको अभाव, लैङ्गिक विभेद, छिटो विवाह गरि दिने चलन, आवश्यक परेको बेलामा रुपैंया पैसा सापटी पाउन गाह्रो हुनु, शिक्षाबाट तुरुन्त फाइदा नपुग्नु, महङ्गो पाठ्यपुस्तक, घर परिवारमा शैक्षिक वातावरण नहुनु आदीलाई समेटिएको छ ।

पोखेल (२०६२), ले सुकुम्वासी बालबालिकाहरुको प्राथमिक विद्यालयमा सहभागिता कस्तो रहेको छ ? ति बालबालिकाहरु विद्यालय उपस्थित कम हुनु, कक्षा दोहोऱ्याउनु, अधिकांश बालबालिका विद्यालयमा सहभागी नहुनु, पढ्दा पढ्दै विचैमा विद्यालय छाड्नुका कारणहरुको अध्ययन गरेकी छिन् । सुकुम्वासी बालबालिका विद्यालय जानका लागि बाधक रहेका तत्वहरु (आर्थिक, घरायसी, बारम्बार असफलता, स्वस्थ्य समस्या आदी) पत्ता लगाई समस्या समाधानका उपायहरुमा सुकुम्वासीलाई जग्गाको व्यवस्था, छात्रवृत्ति, पोशाकको व्यवस्था, शैक्षिक जनचेतना आदि गर्नु पर्ने कुरा पत्ता लगाएकी छिन् ।

चौधरी (२०६०) सुकुम्वासी वस्तिका श्रमिक बालबालिकाले विद्यालयमा सहभागिता कस्तो छ त ? त्यस्ता बालबालिका हरु विद्यालयमा भर्ना हुन नआउने र भर्ना भएपनि वचैमा कक्षा छाड्ने, विद्यालय नजाने, विद्यालय गएपनि विद्यँलयमा अतिरिक्त क्रियाकलापमा भाग नलिने,शैक्षिक उपलब्धिस्तर नराम्रो हुने कारण र समग्र शैक्षिक समस्याहरुमा बालबालिकाहरु बारम्बार अनुत्तीर्ण हुनु,, विद्यालयमा विशेष संरक्षण नहुनु जस्ता बालश्रमिकका समस्याहरु को कारणको खोजि गरेकि छिन् ।

यसरी श्रमिक बालबालिकाको विद्यालय सहभागिता, उपलब्धि बढाउन र शैक्षिक समस्या समाधान गर्न जनचेतना फैलाउने, आर्थिक सहयोग, पूर्ण छात्रवृत्ति, श्रम गर्न बाट मुक्त गर्नुपर्ने, अर्थोपार्जनका सीप सिकाउने, विद्यालयमा विशेष संरक्षण गर्नुपर्ने र श्रमिक बालबालिकालाइ उपयुक्त शैक्षिक वातावरण मिलाउनुपर्ने कुरा पनि उनले पत्ता लगाएकी छिन् ।

शिक्षा विकास तथा अनुसन्धान केन्द्र ले गरेको (CERID.2007) मा निम्नलिखित कुरा उल्लेख छ , नेपालमा १० प्रतिशत बालबालिका संगठित र औपचारिक क्षेत्रमा मजदुर गरिरहेका छन् भने ९० प्रतिशत बालबालिका असंगठित र अनौपचारिक क्षेत्रमा काम गरिरहेका छन् । त्यस्तै २.६ मिलियन श्रमिक बालबालिकाको समस्यालाई सम्बोधन गर्न नेपालको संसदले बालश्रम निषेध र नियन्त्रित गर्न बनेको ऐन २०६५ पास गरेको छ । जनआन्दोलन २ पछि बनेको नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ मा मौलिक अधिकारको रुपमा शिक्षालाई लिईएको छ र सामाजिक न्यायको व्याख्या गर्दै आर्थिक, समाजिक र शैक्षिक किसिमले पछाडी परेका महिला, दलित, मधेशी, पिछडीएको समुदाय र श्रमिकहरुलाई राज्य संरचनामा सहभागि गराउनु पर्छ भन्ने कुरा उल्लेख छ । त्यस्तै २०१५ सम्ममा सम्पुर्ण बालबालिकालाई प्राथमिक तहको शिक्षा प्रदान गर्नु पर्नै कुरा Millennium Development Goals (MDG) मा पनि उल्लेख भएको छ । जुन पुरा गर्ने राज्यको दायित्व हो भन्नै कुरा उल्लेख छ ।

## २.२ शैधान्तिक साहित्यहरुको पुनरावलोकन

प्रजातान्त्रिक संस्कारको अभाव राज्य संयन्त्र, व्यवस्थित र प्रभावकारी नहुनु राज्यद्वारा गराइएका प्रतिबद्धता पूरा नहुनु । मानव अधिकारको हनन जनपक्षिय राष्ट्रिय ऐन, नीति र कार्य योजना नहुनु, राजकीय मामिलामा जनताको प्रत्यक्ष सहभागिता नहुनु, आर्थिक विषमता, बेरोजगारी र न्यूनतम ज्यालाको अभाव, सामाजिक विभेद र शोषण जातीय, धार्मिक, लैङ्गिक, अशिक्षा, असचेतता, अन्धविश्वास, कुरीति र कुसंस्कारहरु आदि बालश्रमिकका समस्याहरु हुन् ।

प्रधान (२०६२) ले बालश्रम निराकरणमा शैक्षिक रणनीतिका रुपमा निम्नानुसार उल्लेख गरेका छन् :

निःशुल्क र अनिवार्य प्राथमिक शिक्षाका लागि अभियान, समाज परिवर्तनका लागि सार्थक शिक्षाका लागि अभियान, सबैका लागि शिक्षाका लागि अभियान, बालबालिकाको शिक्षाको अधिकारका निम्ति राष्ट्रिय नीतिमा प्रभाव पार्न सामाजिक परिचालनका कार्यक्रमहरु तय गर्ने, जिविकोपार्जनका लागि आर्थिक वैकल्पिक उपायहरुको खोजीगर्ने, औपचारिक, अनौपचारिक, व्यवसायिक शिक्षाका लागि सरकारी र गैर सरकारी समन्वयलाई बलियो बनाउने, राजनीतिक प्रतिवद्धतालाई कार्यान्वयनका लागि अनुरोध र दवाव सिर्जना गर्ने, जोखिम परिस्थितिमा कार्यरत बालबालिकाको उपचारात्मक र सुधारात्मक कार्यक्रमहरुको तर्जुमा र कार्यन्यवन गर्ने, प्रतिकुल वातावरणबाट उद्धार र पुनर्स्थापित गरिएका सबै बालबालिकाको शिक्षाको अधिकारको प्रत्याभुत गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय ऐक्यवद्धतालाई प्रवर्द्धन गर्ने आदी ।

डाकार (Dakar) मा भएको सहमतिमा सन् २०१५ सम्ममा सबै बालबालिकाहरुलाई गुणस्तरीय, निःशुल्क र अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउन विश्वका अधिकांश राष्ट्रले Education for All भनेर प्रतिबद्धता व्यक्त गरेका छन् । यस सम्वन्धमा डकारमा भएको सहमतिमा मूलतः निम्न कुराहरु समेटेको छ भनी प्रस्तुत गरेका छन् ।

अति नाजुक अवस्थामा तथा शिक्षाबाट वञ्चित रहेका बालबालिकाको हेरचाह तथा शिक्षामा व्यापक विस्तार तथा सुधार गर्ने, सबै बालबालिका, विशेषगरी बालिका, कठीन अवस्थाका बालबालिकालाई सन् २०१५ सम्ममा गुणस्तरयुक्त, निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षामा पहुँचको सुनिश्चितता प्रदान गर्ने, उपयुक्त शिक्षामा तथा जिवनपयोगी सीप कार्यक्रममा समुचित पहुँचको माध्यमबाट सबै युवक तथा वयस्कहरुको शिक्षाको आवश्यकता पूर्तिको सुनिश्चितता प्रदान गर्ने, सन् २०१५ सम्म वयस्क साक्षरता (खास गरि महिला) हालको तुलनामा ५०% सुधार गर्न तथा सबै वयस्कहरुलाई आधारभुत तथा निरन्तर शिक्षाको पहुँच पुऱ्याउने, शिक्षामा बालबालिकाको पहुँच पूर्ण र समान रुपमा गराई गुणस्तरयुक्त आधारभुत शिक्षाको उपलब्ध हासिल गर्न तर्फ ध्यान केन्द्रित गरि प्राथमिक तथा शिक्षाको माध्यमबाट सन् २००५ सम्मका लैङ्गिक विभेद अन्त्य गर्ने र २०१५ सम्ममा शिक्षामा लैङ्गिक समानता हासिल गर्ने, शैक्षिक गुणस्तरका सम्पूर्ण पक्षमा सुधारका साथै "सबैका लागि शिक्षा" खासगरि साक्षरता संख्यात्मक तथा आवश्यक जीवनपयोगी सीपका क्षेत्रमा उल्लेखनीय उपलब्धी हासिल गर्ने आदी ।

सेभ द चिल्ड्रेन (Save The Children 2010) को वार्षिक प्रतिवेदनमा बालश्रमको निर्मुलन र सार्थक शिक्षाको अभियानकालागी निम्नाअनुसारको रणनितिक अवधारणलाइ छलफल र बहसको विषय बनाउन सकिन्छ भनिएको छ ।

बालश्रम शोषणको बिषयमा राष्ट्रिय अवधारणा सुस्पष्ट हुनुपर्ने, बालश्रम शोषणको बिषयमा एकिकृत सोच निर्माण हुनुपर्ने र कानुन कार्यान्वयनको निकाय प्रभावकारी हुनुपर्ने , बालश्रम निर्मुल गर्न बनेका राष्ट्रिय कानुन, नीति र कार्ययोजनाहरुको प्रभावकारी ढंगले कार्यान्वयन र अनुगमन हुनुपर्ने, बालश्रम निर्मुलनको सबाललाइ राष्ट्रिय गरिबी न्यूनीकरण कार्यक्रम लगायत राष्ट्रिय योजनाका अन्य प्रमुख/प्राथमिक कार्यक्रमहरुसँग प्रवाहीकरण गनुपर्ने, बालबालिका, खासगरी विपन्न तथा बालश्रमिकहरुको निम्ति तर्जुमा गरिएका निःशुल्क, सीपमुलक, जीवनोपयोगी र गुणस्तरीय शिक्षा सम्बन्धी विभिन्न राष्ट्रिय कार्ययोजनाहरुको समन्वय र तालमेल हुनुपर्ने र तिनीहरुको समयबद्ध र सिलसिलाबद्ध अनुगमन गर्ने सरकारी/गैरसरकारी समितिहरु गठन गनुपर्ने , सार्थक शिक्षाको लक्ष्य, उद्देश्य, ढाँचा, प्रक्रिया र कार्यक्रम सम्बन्धी राष्ट्रिय सोच वा अवधारण बन्नुपर्ने र त्यसलाई सर्वपक्षीय हिसाबबाट अनुमोदन गरी आ-आफ्नो क्षेत्रमा प्रतिबद्धतापुर्वक लागू गर्ने, नेपालमा बालश्रम निराकरण गर्न एक

कार्यदल बन्नुपर्ने र उपरोक्त कार्यदलले सम्बन्धित र सरोकारवाला पक्षहरुको राष्ट्रिय कार्ययोजनाको लक्ष्य, उद्देश्य र कार्यक्रम अनुसार काम गरिरहेको छ वा छैन अनुगमन गर्ने र सम्बन्धित/सरोकारवाला पक्षहरुलाई सो अनुसार काम गर्न गराउन पर्यवेक्षण/अनुगमन गर्ने, मूलतः शिक्षाको अधिकार बाट बन्चित सम्पूर्ण बालश्रमिक/बालबालिकालाई राष्ट्रिय शिक्षाको मूलधारमा प्रवाहीकरण गर्ने र आवश्यकताअनुसार उनीहरुलाई विशेष शिक्षाको व्यवस्था गर्ने, बालश्रमिक तथा विपन्न बालबालिकाको शिक्षामा पहुँच बढाउने, लैङ्गिक समानता वृद्धि गर्ने, शिक्षाको गुणस्तर, सार्न्दभिकता, सार्थकता अभिवृद्धि गर्ने राष्ट्रिय लक्ष्य र योजनाहरुलाइ सबल, सक्रिय र सजीव बनाउन नागरीक समाज र गैरसरकारी संघसंस्थाहरुलाई सुदृढ र संस्थागत बनाउने एउटा प्रभावकारी दबाब समुहमा रुपान्तरण गर्ने, बालश्रम शोषण विरुद्धको संघर्षमा सचेतक, शिक्षक, प्रशिक्षक र तिनका संघ-संस्थाहरुलाई परिचालन गर्ने र उनीर्हिहरुको संस्थागत विकासमा प्राथमिकतादिने, बालबालिकाको हक अधिकार विशेषतः विपन्न र बालश्रमिकहरुको हकहित संरक्षणमा काम गर्ने अर्थात् शिक्षाको माध्यमबाट गरिबी, शोषण, विभेद, अशान्ति र दुर्व्यवहारहरु हटाउन प्रत्यनशील सरकारी ऐन, नियम, नीति, कार्ययोजना र सोही उद्देश्यमा सरिक नागरिक समाज, ट्रेड युनियन र गैरसरकारी संस्थाहरुबीच साझेदारी र सहकार्य स्थापना गर्न मूलत सार्थक शिक्षाको माध्यमबाट बालश्रमको अँध्यारो लाइ हटाउन स्थानीय तहदेखी राष्ट्रिय तहसम्म जागरुक अभियान सञ्चालन गर्ने आदी ।

काफ्ले , ढकाल र अधिकारी २०६५), ले 'शिक्षामा सामाजिक न्याय' मा नेपालमा बालश्रम उन्मुलन गर्ने दिशामा देखिएका प्रमुख समस्या तथा मुद्दाहरुलाई निम्नानुसार उल्लेख गरेका छन् :-

बालश्रमलाई उन्मुलन गनै दिशामा बनेका कानून हरुको अप्रभावकारीता, कानून कार्यान्वयनमा हुने कठिनाई र त्यस्ता कानूनी उपचारमा बालबालिकाको पहुँच हुन नसक्नु, घरेलु बालश्रमिक र असंगठित र क्षेत्रमा काम गर्ने बालश्रमिकहरुलाई प्रचलित कानूनी व्यवस्था तथा गैर सरकारी क्षेत्रका कार्यले समेट्न नसक्नु वा त्यहाँ सम्म पुग्न नसक्नु, व्यापक गरिविका कारण वालश्रमिकका रुपमा काम गर्न बाध्य भएकाहरुका लागि गरिवी निवारणका कार्यक्रमहरु र वैकल्पिक रोजगारीका कार्यक्रमहरुले कुनै सहयोग पुऱ्याउन नसक्नु, सामाजिक, साँस्कृतिक परम्परा, अन्धविश्वास इत्यादिका कारण बालश्रमिकको प्रयोग हुनु , बालबालिकाहरु घरेलु हिंसा, आमाबाबु विचको असमझदारी र काममा लगाइदिने दलालहरु आदिका कारण बालश्रमिक हुने समस्या कायम रहनु साथै यसमा कमी नआउनु, गरिव र पिछडिएका वर्गका लागि उचित शिक्षाको व्यवस्था नहुनु, विद्यालयमा प्रवेश गरे पनि त्यसलाई पूरा गर्न नसक्नु र उनीहरुको लागि विद्यालयको खासै सहयोग नपुऱ्याउनु, विभिन्न किसिमका सामाजिक भेदभावका कारण घर छोड्ने तथा कसैको घरमा काम गर्ने समस्या रही रहनु, बालबालिकाहरुमा काम गर्ने, चेतना फैलाउने, राजनीतिक कार्यमा लाग्ने, सरकारी ओहदामा बस्ने र कथित समाजसेवीहरुका कतिपय भनाई र गराईमा भिन्नता भई उनीहरु मध्ये कतिपयले बालश्रमिकको प्रयोग गर्नु, जनचेतनाको अभावले गरिव

परिवारमा धेरै बच्चा जन्मन गई उनीहरुको पालनपोषणमा नै समस्या भएर बाल श्रमिकको रुपमा काम गर्न लगाउन बाध्य हुनु, सरकारी प्रतिवद्धताको अभाव हुनु आदी ।


सोही पुस्तकमा शिक्षा सम्वन्धी महासन्धीको धारा-२८ को १ मा राज्य पक्षहरुले बालबालिकाको शिक्षाको अधिकारलाई मान्यता दिनेछन् र समान अवसरको आधारमा यस अधिकारको क्रमिक प्राप्तीको लागि विशेषगरी देहायका व्यवस्था गर्ने छन् भन्ने उल्लेख गरिएको छ ।

प्राथमिक शिक्षालाई अनिवार्य गर्ने र सबैलाई निःशुल्क उपलब्ध गराउने, साधरण र व्यवसायिक शिक्षा सहित विविध प्रकारका माध्यमिक शिक्षाको विकासलाई प्रोत्साहित गर्ने, प्रत्येक बालबालिकालाई त्यस्तो शिक्षा उपलब्ध गराउने तथा निःशुल्क शिक्षाको शुरुवात गर्ने र आवश्यक परेमा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता उपयुक्त उपायहरु गर्ने, क्षमताको आधारमा सबैको निम्ति हरेका उपयुक्त साधनद्वारा उच्च शिक्षा प्राप्त हुन सक्ने गराउने, सम्पूर्ण बालबालिकालाई शैक्षिक र व्यवसायिक जानकारी र मार्गदर्शन उपलब्ध गराउने र पुऱ्याउने, विद्यालयमा नियमित हाजिरीलाई प्रोत्साहित गर्ने र पढाई परित्याग गर्नेहरुको संख्या घटाउन विभिन्न उपायहरु अपनाउने आदी ।

माथि उल्लेखित विभिन्न बालश्रमिक सगँ सम्बन्धित पूर्व अनुसन्धानहरु खासगरी बालश्रम उन्मुलन गर्ने दिशामा देखिएका समस्याहरु, बालश्रम निराकरणमा शैक्षिक रणनीतिहरु, Education for all भनेर डकारमा भएका सहमतिहरु, बालश्रम शोषणका क्षेत्रहरु, बालश्रमको निर्मुलन र सार्थक शिक्षाको अभियानकालागी रणनितिक अवधारणाहरु आदीको विषयमा अन्तराष्ट्रिय स्तरमा र राष्ट्रिय स्तरमा भए गरेका कार्यहरु, र Education for all ले सन् २०१५ सम्ममा पूरा गनुपर्ने लक्ष्यहरु आदीको बारेमा अध्ययन अनुसन्धान गरेको पाईयो । तर अझैपनि किन, के र कती कारणबाट बालबालिका श्रम गर्न बाध्य छन् कस्तो कारणले श्रमिक बालबालिकाको विद्यालय सहभागीता र उपलब्धि न्यून छ भन्ने जस्ता प्रश्नहरु अनुत्तरित रहेकोले श्रमिक बालबालिकाहरुको 'शैक्षिक अवस्था' शिर्षक छनोट गरिएको छ ।

## २.३ अवधारणात्मक ढाँचा

श्रमिक बालबालिकाहरुको शैक्षिक अवस्था सम्वन्धी जानकारी पहिचान निम्नलिखित ढाँचामा आधारित रहि गरिएको थियो ।



# परिच्छेद - तीन

# अध्ययन विधि

अध्ययन विधि भनेको आफूले छनोट गरेको अध्ययन शीर्षक अन्तर्गत रहेका विविध कार्यहरुलाई कसरी अगाडी बढाउने वा सञ्चालन गर्ने भन्ने कुरोका योजना बनाउनु हो । यसले अध्ययनलाई उपयुक्त लक्ष्य हासिल गर्न मार्गदर्शन गर्दछ ।

## ३.१ अध्ययनको ढाँचा

यस अध्ययनमा गुणात्मक र परिमाणत्मक गरी मिश्रित विधिको प्रयोग गरिएको छ । गुणात्मक विधिले खासगरी अध्ययनको सूक्ष्म र गहन अध्ययन गर्ने भएकोले यस अध्ययनबाट श्रमिक बालबालिकाको विद्यालयमा पहुँच, शैक्षिक स्थिति, शैक्षिक समस्या तथा अवरोधहरु विभिन्न स्रोतबाट अर्न्तवार्ता प्रश्नावली को माध्यमले अध्ययनको बिषयमा गहिराईमा पुगी निष्कर्ष निकाल्नु पर्ने भएकोले गुणात्मक विधि अनुसार अध्ययन गरिएको छ । त्यस्तै विद्यार्थीको भर्ना, उत्तिर्ण, अनुत्तिर्ण जस्ता पक्षलाई सख्यांत्मक रुपमा प्राप्त गरिने भएकोले यो अध्ययनको केही पक्षलाई परिमाणात्मक रुपमा प्रस्तुत गरिएको छ । यस अध्ययनमा वर्णनात्मक पद्धतिलाई बढी प्रयोग गरि सूचनाहरुको विश्लेषण तथा व्याख्या निम्न लिखित कुराहरुको आधारमा गरिएको थियो ।

| क.सं. | उद्देश्य | स्रोत | साधन |
|---|---|---|---|
| १. | श्रमिक बालबालिकाहरुको विद्यालय सहभागीताको स्थिति पत्ता लगाउनु । | विद्यालय रेकर्ड<br>विद्यार्थी<br>प्र.अ<br>शिक्षक | विद्यार्थी विवरण फाराम<br>प्रश्नावली |
| २. | श्रमिक बालबालिकाहरुको शैक्षिक उपलब्धि पहिचान गर्नु । | विद्यालय रेकर्ड<br>शिक्षक<br>विद्यार्थी | विद्यार्थी विवरण फाराम<br>प्रश्नावली |
| | श्रमिक बालबालिकाको शैक्षिक समस्या पत्ता लगाउनु । | विद्यार्थी<br>बाल श्रमिकका संरक्षक<br>कक्षा शिक्षकहरु | प्रश्नावली<br>अर्न्तवार्ता प्रश्नावली<br>प्रश्नावली |

### ३.२ अध्ययन क्षेत्र र नमूना छनौट

यस अध्ययनको लागि आवश्यक पर्ने सूचनाहरु एवं तथ्याङ्कहरु सजिलोसँग, गहिराईसम्म पुगेर संकलन गर्न सकियोस भनि निम्न विद्यालय र व्यक्तिहरुको छनौट गरिएको थियो ।

### ३.२.१ विद्यालय छनौट

यस अध्ययनको लागि जिल्ला शिक्षा कार्यालय काठकाण्डौबाट प्राप्त श्रोतका आधारमा काठकाण्डौ महा-नगरपालीकाका भित्र रहेको २२ वटा श्रोत केन्द्र मध्ये नक्साल श्रोत केन्द्र अन्तर्गतको ९ वटा सार्वजनिक विद्यालय मध्ये काठकाण्डौ महा-नगरपालीका नक्साल स्थित श्री नन्दी रात्री मा.वि. लाई छनौट गरिएको हो । यस विद्यालय बालश्रमिकहरुको लागि लक्षित गरी खोलिएको हो र मेरो अनुसन्धानको विषय 'श्रमिक बालबालिकाको विद्यालयमा शैक्षिक स्थिती' रहेको र यस विद्यालय रात्रीकालिन समयमा सञ्चालन हुने हुदा यहाँ प्राय विहान दिउसो काम गरी रात्रीकालिन समयमा विशेष गरी धेरैजसो श्रमिक बालबालिकाहरु पढ्ने भएकोले उनिहरुको विद्यालयमा शैक्षिक पहुँच, विद्यार्थीको शैक्षिक स्थिति, र शैक्षिक उपलब्धि, समस्या तथा अबरोधहरुसगँ सम्वन्धित विस्तृत तथ्याङ्क संकलन गर्नको लागि श्री नन्दी रात्री मा.वि. लाई उद्देश्यमुलक नमूना छनौट अर्न्तगत छनौट गरिएको थियो । छनोटमा परेको विद्यालयको नाम अनुसूची १ मा राखिएको छ ।

### ३.२.२ प्रधानाध्यापक र शिक्षक छनौट

श्रमिक बालबालिकाको द्यिालयमा शैक्षिक पहुँच, विद्यार्थीको शैक्षिक स्थिति, र शैक्षिक समस्या तथा अबरोधहरुसँग सम्वन्धित सूचना एवं तथ्याङ्क संकलन गर्न विद्यालयका प्र.अ.र ६-१० कक्षाका सबै कक्षा शिक्षकहरु र प्र.अ लाई स्वतः उद्देश्यमुलक नमूना को रुपमा छनौट गरिएको थियो । छनोटमा परेका प्र.अ., शिक्षकहरुको नाम अनुसूची २ मा राखिएको छ ।

### ३.२.३ विद्यार्थी छनौट

श्रमिक बालबालिकाको विद्यालयमा शैक्षिक पहुँच, विद्यार्थीको शैक्षिक स्थिति, र शैक्षिक उपलब्धि, समस्या तथा अबरोधहरुसँग सम्वन्धित विद्यार्थीहरुको धारणा र विचार बुझ्नको लागी खासगरी कक्षा ५ भन्दा माथीका बालबालिका श्रमको क्षेत्रमा कार्यरत हुने र उनीहरुले बालश्रमिकका बारेमा बिभिन्न ज्ञान तथा धारणा बताउन सक्ने हुनाले श्री नन्दि मा.वि. का कक्षा ६, ७, ८, ९ ,१० गरी प्रत्येक कक्षाका विद्यार्थीलाई उद्देश्यमुलक नमूना छनौट विधिद्वारा छनौट गरी प्रश्नावली मार्फत अरु कसैको घरमा काम गर्ने,होटलमा काम गर्ने,पार्कमा काम गर्ने,बस टेम्पोमा काम गर्ने, अरुको पसलमा काम गर्ने,बच्चा

हेर्ने,पोते उन्ने जस्ता काम तथा मजदुरी गर्ने गरेको आधारमा ९६ जना श्रमिक विद्यार्थीहरुको छनौट गरिएको थियो ।

### ३.२.४ बाल श्रमिकका संरक्षक छनौट

यस अध्ययनमा श्रमिक बालबालिकाको द्यिालयमा शैक्षिक पहुँच, विद्यार्थीको शैक्षिक स्थिति, र शैक्षिक उपलब्धि, समस्या तथा अबरोधहरु बारेमा अर्न्तवार्ता लिनका लागि श्रमिक बालबालिकाका संरक्षक मध्येबाट उद्देश्यमुलक नमूना छनौट विधिद्वारा ५/५ जना लाई नमूनाको रुपमा छनौट गरिएको थियो । छनोटमा परेका संरक्षकको नाम अनुसूची ३ मा राखिएको छ ।

### ३.३ अध्ययन साधनहरुको निर्माण

अनुसन्धान समस्यालाई समाधान गर्नका लागि सर्वसुलभ र अर्थपूर्ण सूचना संकलन गर्ने उद्देश्यले नै साधनको प्रयोग गरिन्छ । सूचना तथा तथ्यांक संकलन गर्नका लागि विभिन्न किसिमका उपयोगी साधनहरुको विकास गरिएको हुन्छ । यस अध्ययको लागि निम्न साधनहरुको प्रयोग गरिएको थियो ।

### ३.३.१ विद्यार्थी विवरण फाराम

श्रमिक बालबालिकाहरुको विद्यालय सहभागिताको स्थिति पहिचान गर्न, विद्यालय भर्ना, शैक्षिक उपलब्धी, विद्यालय उपस्थिति, हाजिरी/नियमितता, कक्षा सहभागीताको सूचना संकलन गर्न विद्यार्थी विवरण फाराम निर्माण गरिएको थियो । जुन विद्यालयको रेकर्डबाट प्रध्यानाध्यापक र शिक्षकको सहयोगमा भरिएको थियो । विद्यार्थी विवरण फारामको नमुना अनुसुची ४ मा राखिएको छ ।

### ३.३.२ प्र.अ. तथा शिक्षकका लागि प्रश्नावली

छनौटमा परेका विद्यालयका विद्यार्थीहरुबाट अध्ययनसँग सम्बन्धित आवश्यक सूचनाहरु संकलन गर्नका लागि खुल्ला प्रश्नावलीको प्रयोग गरिएको छ । खुल्ला प्रश्नावली भन्नाले खुला रुपमा आफ्नो विचार व्यक्त गर्न पाउने खालका प्रश्नहरु समावेश भएको प्रश्नावलीलाई बुझिन्छ । यो प्रश्नावली नयाँ प्रकारका तथ्यहरु खोजि गर्ने क्रममा निर्माण गरिन्छ । खुल्ला प्रश्नावली संरचित र असंरचित दुवै हुन सक्छन् । श्रमीक बालबालिकाहरुको विद्यालय सहभागिता, हाजिरी, नियमितता, गृहकार्य, कक्षा सक्रियता, अतिरिक्त कृयाकलापमा सहभागिता, श्रमीक बालबालिकाहरुको शैक्षिक उपलब्धी, शिक्षा प्राप्तिका समस्याहरु बालबालिकाहरुको शैक्षिक सहभागितामा देखिएका समस्या सम्वन्धी सूचनाहरु संकलन गर्न

शिक्षकका लागि अर्न्तवार्ता प्रश्नावली निर्माण गरिएको थियो । जुन प्रत्येक कक्षा शिक्षकको सहयोगमा भरिएको थियो । छनोटमा परेको प्रश्नावली अनुसूची ५ र ६ मा राखिएको छ ।

### ३.३.३ बाल श्रमिकका संरक्षकका लागि अर्न्तवार्ता निर्देशिका

नमूना छनौटमा परेका श्रमिक विद्यार्थीका संरक्षकहरुबाट अध्ययनसँग सम्बन्धित आवश्यक सूचनाहरु संकलन गर्नका लागि अन्तर्वार्ता निर्देशिकाको उपयोग गरिएको छ । अन्तर्वार्ता निर्देशिकाको आधारमा संचालन गरिने अन्तर्वार्तालाई अर्धे संरचित अन्तर्वार्ता पनि भनिन्छ । अन्तर्वार्ता निर्देशिका वा अर्ध संरचित अन्तर्वार्ता भन्नाले अन्तर्वार्ता लिइने विषय वा प्रमुख बुँदाहरु वा प्रश्नहरु तयार गरी लिइने अन्तर्वार्ता हो । यस विधिमा अन्तर्वार्ताकारले तयार गरिएको मुख्य शीर्षक वा प्रश्नहरुमा केन्द्रित भई विभिन्न प्रश्नहरु सोध्ने, थप प्रश्नहरु गर्ने गर्दछ । बालबालिकाहरुको विद्यालय सहभागिताको स्थिति, विद्यालय नजानका कारणहरु, शैक्षिक उपलब्धी, शिक्षा प्राप्तिका समस्याहरु सम्वन्धी सूचनाहरु संकलन गर्नका लागि श्रमीक अभिभावकहरुका लागि अर्न्तवार्ता प्रश्नावली निर्माण गरिएको थियो । जुन नमुना छनोटमा परेका ५ जना संरक्षकको सहयोगमा भरिएको थियो । छनोटमा परेका संरक्षकहरुसँग गरिएको अन्तर्वार्ता निर्देशिका अनुसूची  ७ मा राखिएको छ ।

### ३.३.४ विद्यार्थीका लागि प्रश्नावली फारम

विद्यालय सहभागिता, नियमितता, कक्षा सक्रियता, अतिरिक्त कृयाकलापमा सहभागिता, शैक्षिक उपलब्धीमा असर पार्ने तत्वहरु र शैक्षिक समस्याहरु सम्वन्धमा सूचनाहरु संकलन गर्नका लागि अर्न्तवार्ता प्रश्नावली निर्माण गरिएको थियो । जुन विद्यालयको २०२ जना विद्यार्थीको सहयोगमा भरिएको थियो । छनोटमा परेको प्रश्नावली अनुसूची ८ मा राखिएको छ ।

## ३.४ साधनको वैधता निर्धारण

बालश्रमिकको शैक्षिक अवस्था अध्ययन अनुसन्धानको क्रममा प्रयोग गरिएका अनुसन्धानका साधनहरु  विद्यार्थीका लागि अर्न्तवार्ता प्रश्नावली, अभिभावकहरुका लागि अर्न्तवार्ता प्रश्नावली, शिक्षकका लागि अर्न्तवार्ता प्रश्नावली, विद्यार्थी विवरण फाराम आदी बनाई शोध निर्देशक ज्यूको सुझाव, सल्लाह बमोजिम परिमार्जन गरी साधनको वैधता निर्धारण गरिएको थियो ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलन गर्न जानु भन्दा अगाडी अनुसन्धानकर्ता अध्ययन क्षेत्र विद्यालयमा गई प्राध्यानध्यपकसँग सम्बन्ध विस्तार गरी तथ्याङ्क संकलन गर्ने बातावरणको सिर्जना गरिएको थियो

त्यसपछी वैधता निर्धारण गरिएका तथ्याङ्क संकलनका साधनहरु लिएर अध्ययनकर्ता आफ्नो अध्ययन क्षेत्रमा स्वयं उपस्थित भई सूचना संकलनका साधनहरुको प्रयोग गरि आवश्यक सूचनाहरु संकलन गरिएको थियो । तथ्याङ्क संकलनका लागि अध्ययनकर्ता स्वयं अध्ययन क्षेत्रमा रहेको विद्यालयमा गई प्र.अ. संगको अनुमतिमा, कक्षा शिक्षकसंगको अनुमतिमा विद्यालय विवरण फाराम भरिएको थियो । शिक्षकहरुसंग पनी अर्न्तवार्ता प्रश्नावली भरिएको थियो । विद्यार्थीहरु सँग अर्न्तवार्ता प्रश्नावली भरिएको थियो । त्यस्तै गरि अभिभावकहरुसंग पनि उनीहरुको सहमतिमा अर्न्तवार्ता प्रश्नावलीबाट आवश्यक सूचनाहरु संकलन गरिएको थियो ।

# परिच्छेद - चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अध्ययनका लागि काठमाडौं जिल्ला अन्तर्गत काठमाडौं महानगरपालिकाको नक्सालमा अवस्थित प्रायजसो श्रमिक विद्यार्थीले अध्ययन गर्ने श्री नन्दी रात्री मा.वि. लाई उद्देश्यमूलक नमुना छनौट विधि अन्तर्गत छनौट गरिएको थियो । श्रमिक विद्यार्थीको शैक्षिक सहभागिता, उपलब्धी र समस्याबारे धारणा, विचार र प्रतिक्रिया बुझ्न श्री नन्दी रात्री मा.वि. मा अध्यापनरत प्रत्येक कक्षाका कक्षा शिक्षक र प्रधानाध्यापक गरी जम्मा ६ जना शिक्षकलाई छनौट गरी प्रश्नावलीमार्फत सूचना संकलन गरिएको थियो । त्यसैगरी बाल श्रमिकको शैक्षिक सहभागिता, उपलब्धी र समस्याका बारेमा अभिभावकको धारणा, विचार र प्रतिक्रिया बुझ्नको लागि ५ जना बाश्रमिकका संरक्षकलाई उद्देश्यपूर्ण नमुना छनौट विधि अन्तर्गत छनौट गरी अन्तर्वार्ता प्रश्नावलीमार्फत सूचना संकलन गरिएको थियो ।

त्यसै गरी अध्ययन क्षेत्र श्री नन्दी रात्री. मा.वि. का जम्मा २०२ जना विद्यार्थी मध्येबाट श्रमिक विद्यार्थीका धारणा, विचार र प्रतिक्रिया बुझ्नको लागि कक्षा ६, ७, ८, ९ र १० गरी प्रत्येक कक्षाका विद्यार्थीलाई उद्देश्य पूर्ण नमुना छनौट गरी प्रश्नावलीमार्फत सूचना संकलन गरिएको थियो । जुन प्रश्नावलीको आधारमा मार्फत अरु कसैको घरमा काम गर्ने,होटलमा काम गर्ने,पार्कमा काम गर्ने,बस टेम्पोमा काम गर्ने, अरुको पसलमा काम गर्ने,बच्चा हेर्ने,पोते उन्ने जस्ता काम तथा मजदुरी गर्ने गरेको आधारमा ९६ जना श्रमिक विद्यार्थीहरुको छनौट गरिएको थियो । यसैगरी श्रीमक विद्यार्थीको शैक्षिक सहभागिता र उपलब्धि अध्ययनको लागि विद्यार्थी विवरण फारम निर्माण गरी विद्यालयमा श्रमिक विद्यार्थीको भर्ना, उपलब्धि, समस्या लगायतका तथ्यांकहरु भरिएको थियो ।

माथि उल्लेखित सम्पूर्ण कार्यहरु गर्दा प्राप्त भएका सूचना र तथ्यांकहरुको गुणात्मक र परिमाणात्मक गरी मिश्रित रुपमा सबिस्तार विश्लेषण एवम् व्याख्या देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### ४.१ श्रमिक बालबालिकाहरुको विद्यालय सहभागिताको स्थिति

यस अध्ययन अन्तर्गत विद्यालयमा श्रमिक तथा अन्य विद्यार्थीहरुको भर्ना विवरण बालबालिकाहरुको भर्ना विवरण,विद्यार्थीको कक्षागत उपस्थितिको अवस्था श्रमिक बालबालिकाहरुको उपस्थिति सन्तोषजनक भए नभएको बारे शिक्षकहरुको प्रतिक्रियाविद्यार्थीहरुको कक्षा छाड्ने तथा दोहोऱ्याउने अवस्था,श्रमिक विद्यार्थीको कक्षा दोहोऱ्याउने अवस्था,श्रमिक विद्यार्थीको कक्षा सहभागिताको अवस्था,श्रमिक विद्यार्थीहरुले गृहकार्य गरे नगरेको अवस्था, विद्यार्थी नियमितता, कक्षा सक्रियता तथा अतिरिक्त क्रियाकलापको अवस्था,कक्षा क्रियाकलापमा विद्यार्थी सक्रियताको अवस्था बारे शिक्षकहरुले दिएको प्रतिक्रिया, विद्यार्थीको अतिरिक्त क्रियाकलापमा भाग लिए नलिएको विवरण,विद्यालय छाड्ने नजाने कारणहरुबारे सरोकारवालाहरुको प्रतिक्रिया,श्रमिक विद्यार्थीहरुको काम तथा पढ्ने समय विवरण

लगायतका तथ्याङ्क र सूचनालाई श्रमिक विद्यार्थीको विद्यालय सहभागिताभित्र राखी निम्नानुसारका शीर्षकहरुमा विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१.१ बालबालिकाहरुको भर्ना विवरण

विद्यार्थीहरु श्री नन्दी रात्री मा.वि. मा भर्ना भई पढिरहेका हुँदा तहगत आधारमा छात्र र छात्राहरुलाई छुट्याएर तालिका नं ४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१: तहअनुसार विद्यार्थीको भर्ना स्थिति**

| तह | जम्मा विद्यार्थी | | | श्रमिक विद्यार्थी | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| नि.मा.वि. | ९६ (७२.१८) | ३७ (२७.८१) | १३३ (६५.८४) | ३८ (३९.५८) | २७ (७२.९७) | ६५ (४८.८७) |
| मा.वि. | ५४ (७८.२६) | १५ (२१.७४) | ६९ (३४.१९) | १६ (२९.६३) | १५ (१००) | ३१ (४४.९३) |
| जम्मा | १५० (७४.२६) | ५२ (२५.७४) | २०२ | ५४ (३६) | ४२ (८०.७७) | ९६ (४७.५२) |

श्रोत: विद्यालयको अभिलेख, २०७० ।

*नोट: कोष्ठकमा दिइएको अङ्कले प्रतिशत जनाउँछ ।*

तालिका नं ४.१ मा विद्यालयमा भर्ना भएका २०२ विद्यार्थीहरु मध्ये धेरै नि.मा.वि. तहमा लगभग दुई तिहाइ (६५.८४ प्रतिशत) र मा.वि. तहमा एक तिहाइ (३४.१९ प्रतिशत) विद्यार्थीहरु भर्ना भएको पाइयो । जुन तथ्याङ्क हेर्दा नि.मा.वि तहमा भन्दा मा.वि तहमा विद्यार्थीहरु कम रहेको देखिन्छ । यसको कारण विद्यार्थीहरु नि.मा.वि तह पार गरिसकेपछि अन्य विद्यालयमा भर्ना हुन जाने, संस्थागत विद्यालय तिर आकर्षण बढ्ने तथा बाहिर टाढाबाट पढ्न आउने विद्यार्थीहरु बसाइसराइका कारणबाट विद्यालय छाड्न बाध्य हुनु जस्ता कारणहरुले विद्यार्थीहरु कम भएको देखिन्छ । त्यस्तै विद्यालयका जम्मा २०२ विद्यार्थीमा झण्डै ४८ प्रतिशत श्रमिक विद्यार्थीहरु रहेको पाइयो । तहगत रुपमा हेर्दा नि.मा.वि. तहमा छात्र र छात्रा दुवैको भर्नादर उच्च पाइयो भने मा.वि. तहमा क्रमशः भर्नादर न्यून हुँदै गएको देखिन्छ ।

तथ्याङ्कको विश्लेषण अनुसार समग्रमा के भन्न सकिन्छ भने तह बढ्दै जाँदा बालबालिकाको उमेर बढ्दै जाने र उनीहरु काम, मजदुरी गर्न सक्षम हुने भएकोले माथिल्लो तहमा भर्ना हुने विद्यार्थीको

संख्या अत्यन्तै कम रहेको पाइयो । त्यसैगरी अन्य विद्यार्थीको र श्रमिक विद्यार्थीको तुलनात्मक अध्ययन गर्दा समग्र छात्र १५० र छात्रा ५२ जना रहेको पाइयो । जुन तथ्याङ्क हेर्दा छात्र र छात्रा विचको संख्यात्मक दुरी निकै बढि देखियो । तर श्रमिक विद्यार्थीको तथ्याङ्क हेर्दा छात्र र छात्रा विचको संख्यात्मक दुरी निकै कम देखियो । यसबाट के निश्कर्षमा पुग्न सकिन्छ भने छात्रा संख्या ५२ मध्ये ४२ जना श्रमिक छात्रा हुनाले छोरीहरु श्रमको क्षेत्रमा बढि काम गरेको देखिन्छ । जसबाट अझैपनि लैङ्गिक विविधता छ भन्न सकिन्छ । मा.वि. तहमा जम्मा छात्राको संख्यामा सम्पुर्ण छात्राहरु श्रमिक रहेको देखिन्छ । श्रमको क्षेत्रमा लागेर पनि फुर्सदको समयलाई सदुपयोग गरी छात्राहरु पढ्ने गरेको पाइयो ।

### ४.१.२ विद्यार्थीको विद्यालयमा उपस्थितिको अवस्था

श्रमिक विद्यार्थीहरु विद्यालयमा के कति उपस्थिति भएका छन् भनी विद्यालयको हाजिरी रेकर्ड हेरिएको थियो । सो रेकर्ड अनुसार उनीहरुको हाजिरी भएको जम्मा दिनलाई प्रतिशतको आधारमा देखाइएको छ जुन निम्नानुसार छ ।

**तालिका नं. ४.२: श्रमिक विद्यार्थीको विद्यालय उपस्थितिको अवस्था**

| ७० देखि ७५ प्रतिशत दिन | ७६ देखि ८० प्रतिशत दिन | ८१ देखि ९६ प्रतिशत दिन |
|---|---|---|
| १४ (१४.५८) | ४१(४२.७१) | ४१ (४२.७१) |

*स्रोतः विद्यालय सर्वेक्षण, २०७० ।*

*नोटः कोष्ठकमा दिइएको अङ्कले प्रतिशत जनाउँछ ।*

श्रमिक विद्यार्थीहरु विद्यालयमा भर्ना हुनै आउँदैनन् आएता पनि पढाइ पुरै नगरी विचैमा कक्षा बाट भाग्ने, विद्यालय छाड्ने गर्दछन् भन्ने हाम्रो मानसिकता छ तर पनि माथिको तथ्याङ्कले के देखाउँछ भने अधिकांश श्रमिक विद्यार्थीहरु ७५ प्रतिशत भन्दा बढि दिन सम्म विद्यालयमा उपस्थित रहेको पाइयो । श्रमिक विद्यार्थीहरु कामको व्यस्तताको बाबजुद पनि समय मिलाएर फुर्सदको समयमा विद्यालय आउन, पढ्नमा मन दिएको पाइन्छ । शिक्षा ऐन नियमावलि अनुसार विद्यार्थीहरु विद्यालयमा भर्ना भइसकेपछि ७५ प्रतिशत दिनसम्म अनिवार्य विद्यालयमा हाजिरी भएको हुनुपर्ने कुरा उल्लेख छ । तर ऐनमा उल्लेख भएअनुरुप अझै पनि विद्यलयमा भर्ना भएका १४.५८ प्रतिशत बालबालिकाहरु अझै पनि नियमित विद्यालय आउन नसकेको देखिन्छ । बाकि श्रमिक विद्यार्थीहरुलाइ पनि विद्यालयले विभिन्न सुविधाहरु दिएर,घरदैलो कार्यक्रम गरेर अभिभावक तथा विद्यार्थीहरु लाइ जनचेतना हौसला तथा प्रेरणा प्रदान गरेर पुरा दिन विद्यालयमा उपस्थिति गराउन सकेमा राम्रो हुन्छ ।

श्रमिक बालबालिका विद्यालयमा भर्ना भइसकेपछि उनीहरुको विद्यालयमा उपस्थितिको अवस्था कस्तो छ, सन्तोषजनक छ वा छैन उनीहरुको उपस्थितिमा नियमितता छ कि छैन भन्ने बारेमा सोही विद्यालयका १ जना प्र.अ. सहित ६ जना कक्षा शिक्षकहरुबाट सूचना संकलन गरिएको थियो जहाँ शिक्षकहरुको प्रतिक्रिया निम्नानुसार पाइयो ।

**तालिका नं. ४.३: श्रमिक बालबालिकाहरुको उपस्थिति सन्तोषजनक भए नभएको बारे शिक्षकहरुको प्रतिक्रिया**

| सन्तोषजनक छ | सन्तोषजनक छैन | जम्मा |
|---|---|---|
| २ | ४ | ६ |

माथिको तालिका अनुसार श्रमिक विद्यार्थीको उपस्थितिमा सन्तोषजनक छ भन्ने २ जना शिक्षक रहेको पाइयो भने उपस्थिति सन्तोषजनक छैन भन्ने ४ जना शिक्षकहरुको प्रतिक्रिया पाइयो जसको आधारमा विद्यालयमा श्रमिक बालबालिकाहरुको उपस्थिति अन्य विद्यार्थीहरुको तुलनामा न्यून रहेको पाइयो । ताकि नं ४.२ र ४.३ अनुसार विद्यालयको हाजिरी रेकर्ड हेर्दा अधिकांश श्रमिक विद्यार्थीहरु ७५ प्रतिशत भन्दा बढि दिनसम्म विद्यालय उपस्थिति रहेको पाइयो । तर त्यसै विषयमा विद्यार्थीहरुको नियमितता बारेमा सोध्दा विद्यालयका धेरै शिक्षकहरुले विद्यार्थीको उपस्थिति कम रहेको बताए । यसबाट के भन्न सकिन्छ भने शिक्षकहरुमा विद्यार्थीप्रतिको दायित्व कम रहेको पाइयो । श्रमिक विद्यार्थीहरु विद्यालयमा सधै उपस्थित हुन सक्दैनन् भन्ने मानसिकता मात्र रहेको हुदा शिक्षकहरुले विद्यार्थी विद्यालय आएनआएको निगरानि अलि कम गरेको पाइयो ।

### ४.१.३ विद्यार्थीहरुको कक्षा छाड्ने तथा दोहोऱ्याउने अवस्था

प्रायः बालबालिकाहरु ढिलो विद्यालय प्रवेश गर्ने र विद्यालय तहको शिक्षा पूरा नगरी बीचैमा कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने गरेको पाइन्छ । अध्ययन क्षेत्रका बालबालिकाहरु मध्ये वि.सं. २०६९/७० मा तहगत आधारमा के कति विद्यार्थीले कक्षा छाडेका छन् र के कति विद्यार्थीले कक्षा दोहोऱ्याएका छन् भनी गरिएको विद्यालय सर्वेक्षणबाट आएको वा प्राप्त भएको छात्र र छात्राहरुको विवरणलाई तालिका नं ४.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.४: तहगत आधारमा विद्यार्थीको कक्षा छाड्ने र दोहोऱ्याउने अवस्था**

| तह | २०६९ सालको भर्ना | | | कक्षा छाड्ने संख्या | | | कक्षा दोहोऱ्याउने संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| नि.मा.वि. | ७२ | ४५ | ११७ | १० (१३.८८) | ५ (११.११) | १५ (१२.८२) | ६ (८.३३) | ७ (१५.५५) | १३ (११.११) |
| मा.वि. | ३६ | २५ | ६१ | ६ (१६.६६) | ३ (१२) | ९ (१४.७५) | ५ (१३.८९) | ७ (२८) | १२ (१९.६७) |
| जम्मा | १०८ | ७० | १७८ | १६ (१४.८१) | ८ (११.४३) | २४ (१३.४८) | ११ (१०.१८) | १४ (२०) | २५ (१४.०४) |

स्रोतः विद्यालयको अभिलेख, २०७० ।

*नोटः कोष्ठकमा दिइएको अङ्कले प्रतिशत जनाउँछ ।*

माथिको तालिका अनुसार २०६९/७० सालमा जम्मा १७८ विद्यार्थी मध्येमा १३.४८ प्रतिशत विद्यार्थीले कक्षा छाडेको र १४.०४ प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइयो । तालिकाको विश्लेषणबाट के देखिन्छ भने कक्षा छाड्ने भन्दा दोहोऱ्याउने विद्यार्थीको संख्या बढी छ । नि.मा.वि. र मा.वि. दुवै तहमा छात्राको भन्दा छात्रको कक्षा छाड्ने प्रतिशत बढि पाइयो । दुवै तहमा छात्रको भन्दा छात्राको कक्षा दोहोऱ्याउने प्रतिशत बढि पाईयो भने कक्षा छोड्ने प्रतिशतमा छात्राले भन्दा छात्रले कक्षा छाडेको पाईयो । छात्राहरुले घरमा बढि काम गर्नुपर्ने, नियमित विद्यालयमा उपस्थित हुन नपाउने र घरको कामको कारण मानसिक बोझ हुने हुँदा पढ्ने समय निकाल्न नसक्दा परीक्षामा फेल हुने कारणले कक्षा दोहोऱ्याएको पाइयो भने छात्रहरु विशेषगरी पढ्दा पढ्दै विचैमा छाडी पैसा कमाउनको लागी घर छोडेर बाहिर जाने त्यस्तै उनिहरु अन्य विद्यालयमा भर्ना हुन जाने, संस्थागत विद्यालय तिर आकर्षण बढ्ने तथा बाहिर टाढाबाट पढ्न आउने विद्यार्थीहरु बसाइसराइका कारणबाट विद्यालय छाड्न बाद्य हुनु तथा तह बढदै जाँदा उनीहरु मजदुरी, श्रम गर्न सक्षम हुने र हातमुख जार्ने, घरपरिवार हेर्ने पहिलो समस्याको कारण उनीहरु विद्यालय छाड्न बाध्य भएको देखिन्छ ।

त्यसैगरी तहगत आधारमा श्रमिक विद्यार्थीहरुको कक्षा दोहोऱ्याउने अवस्थालाई तालिका नं ४.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.५: श्रमिक विद्यार्थीको कक्षा दोहोऱ्याउने अवस्था**

| तह | २०७० को भर्ना | | | कक्षा दोहोऱ्याउने संख्या | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| नि.मा.वि. | ३८ | २७ | ६५ | ६ (१५.७८) | ७ (२५.९२) | १३ (२०) |
| मा.वि. | १६ | १५ | ३१ | २ (१२.५) | ५ (३३.३३) | ७ (२२.५८) |
| जम्मा | ५४ | ४२ | ९६ | ८ (१४.८१) | १२ (२८.५७) | २० (२०.८३) |

स्रोतः विद्यालयको अभिलेख, २०६९ ।

*नोटः कोष्ठकमा दिइएको अङ्कले प्रतिशत जनाउँछ ।*

माथिको तालिकाअनुसार २०७० सालमा ९६ जना श्रमिक विद्यार्थीहरुमा जम्मा २०.८३ प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइयो जसमा नि.मा.वि. तहमा २० प्रतिशत र मा.वि. तहमा २२.५८ प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइयो मा.वि. र नि.मा.वि. तहमा जम्मा १४.८१ प्रतिशत छात्र र २८.५७ प्रतिशत छात्राहरुको कक्षा दोहोऱ्याएको पाइयो ।

तालिकाको विश्लेषणबाट के भन्न सकिन्छ भने नि.मा.वि. र मा.वि. दुवै तहमा छात्रको भन्दा छात्राको कक्षा दोहोऱ्याउने प्रतिशत बढि पाइयो । छात्राहरुले घरमा बढि काम गर्नुपर्ने, नियमित विद्यालयमा उपस्थित हुन नपाउने र घरको कामको कारण मानसिक बोझ हुने हुँदा जसको कारण पढ्ने समय निकाल्न नसक्दा परीक्षामा फेल हुने कारणले कक्षा दोहोऱ्याएको पाइयो । तालिका नं.४.३ र तालिका नं. ४.४ विद्यार्थीको कक्षा दोहोऱ्याएको संख्याको तुलना गर्दा समग्रमा २०२ जना विद्यार्थी मध्ये जम्मा २५ जना विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइयो । ति मध्ये श्रमिक विद्यार्थीहरु २० जना भएको तथ्याङ्कले देखाउछ । यसको विश्लेषणबाट के भन्न सकिन्छ भने ८० प्रतिशत कक्षा दोहोऱ्याउने विद्यार्थीहरु श्रमिक छन् । यसको कारण उनिहरुको कार्य ब्यस्तता,मजदुरी,पढ्ने समयको अभाव,आर्थीक विषमता जस्ता कारणहरुले कक्षा दोहोऱ्याउने श्रमिक विद्यार्थीहरुको बाध्यता देखिन्छ ।

### ४.१.४ श्रमिक विद्यार्थीको कक्षा सहभागिताको अवस्था

अध्ययनमा परेका श्रमिक विद्यार्थीहरुको शैक्षणिक क्रियाकलापमा सक्रियता कस्तो छ ? नियमित गृहकार्य गरेका छन् कि छैनन् ? अतिरिक्त क्रियाकलापमा भाग लिने गरेका छन् कि छैनन्

जस्ता विषयमा जानकारी लिन विद्यार्थीहरुलाई गृहकार्य दिनदिनै गर्ने गरेका छौ कि छैनौ भन्ने प्रश्नमा प्रश्नावली फारम भर्न लगाइएको थियो जहाँ उनीहरुको प्रतिक्रिया यस्तो पाइयो ।

**तालिका नं. ४.६: श्रमिक विद्यार्थीहरुले गृहकार्य गरे नगरेको अवस्था**

| नियमित रुपमा गर्ने | | | नगर्ने वा कहिलेकाहीं गर्ने | | |
|---|---|---|---|---|---|
| छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ४१ (६२.१२) | २५(३७.८८) | ६६ | १९ (७३.३३) | ११ (३६.६७) | ३० |

*स्रोत: विद्यालय सर्वेक्षण, २०७० ।*

माथिको तालिकाअनुसार जम्मा ९६ जना श्रमिक विद्यार्थीहरु मध्ये ६६ जना विद्यार्थीहरुले गृहकार्य नियमित गर्ने गरेको जसमा ६२.१२ प्रतिशत छात्र र ३७.८८ प्रतिशत छात्रा रहेको पाइयो । त्यस्तै ३० जना विद्यार्थीहरुले गृहकार्य नगर्ने वा कहिलेकाहीं गर्ने गरेको पाइयो जसमा ६३.३३ प्रतिशत छात्र र ३६.६७ प्रतिशत छात्रा रहेको पाइयो ।

तालिकालाई विश्लेषण गर्दा गृहकार्य नियमित नगर्नेहरुमा बढी मात्रामा छात्रहरुको रहेको पाइयो । गृहकार्य किन नगर्ने भन्ने प्रश्नमा उनीहरु काममा बढी व्यस्त भएको र धेरै विद्यालय उपस्थिति हुन नसकेको तथा थकाइको कारणबाट पनि गृहकार्य नगरेको बताएका थिए ।

### ४.१.५ कक्षा सक्रियता तथा अतिरिक्त क्रियाकलापको अवस्था

अध्ययनमा परेका श्रमिक बालबालिकाको कक्षा क्रियाकलापमा सक्रियता कस्तो छ भनी ५ जना कक्षा शिक्षकसँग सोधिएको प्रश्नमा शिक्षकहरुको प्रतिक्रिया यस्तो पाइयो ।

**तालिका नं. ४.७: कक्षा क्रियाकलापमा विद्यार्थी सक्रियताको अवस्था बारे शिक्षकहरुले दिएको प्रतिक्रिया**

| पर्याप्त सक्रिय | अपर्याप्त वा निस्क्रिय | जम्मा |
|---|---|---|
| ४ | १ | ५ |

*स्रोत: विद्यालय सर्वेक्षण, २०७० ।*

*नोट: कोष्ठकमा दिइएको अङ्कले प्रतिशत जनाउँछ ।*

माथिको तालिकालाई विश्लेषण गर्दा ४ जना शिक्षकबाट श्रमिक विद्यार्थीहरु विद्यालय उपस्थित सिरहेको दिनमा कक्षा क्रियाकलापहरुमा सक्रिय रहेको भन्ने पाइयो भने १ जना शिक्षकबाट उनीहरु कक्षा क्रियाकलापमा निस्क्रिय रहेको भन्ने पाइयो । यस भनाइबाट के स्पष्ट हुन्छ भने श्रमिक विद्यार्थीहरु कामको क्षेत्रमा जसरी शारिरिक, मानसिक रुपमा सक्रिय भई लागिरहेका हुन्छन् त्यस्तै व्यस्तताको

बावजुद पनि फुर्सदको समयमा पढ्न पाएको कारण उनीहरुको पढाइप्रति शारिरिक तथा मानसिक रुपमा जगरुक रहेको पाइयो । जसबाट उनीहरुको उपलब्धि पनि राम्रै निस्कन्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

त्यस्तै अध्ययनमा परेका श्रमिक बालबालिकाहरुले अतिरिक्त क्रियाकलापमा के कतिले भाग लिएका छन् वा छैनन् भनी विद्यार्थीहरुसँग सोधिएको प्रश्नमा उनीहरुको प्रतिक्रिया यस्तो पाइयो ।

**तालिका नं. ४.८: विद्यार्थीको अतिरिक्त क्रियाकलापमा भाग लिए नलिएको विवरण**

| भाग लिएको छु/संलग्न छु | भाग लिएको छैन वा संलग्न छैन | जम्मा |
|---|---|---|
| ६३ (६५.६९) | ३३ (३४.३७) | ९६ |

*स्रोत: विद्यालय सर्वेक्षण, २०७० ।*

माथिको तालिकामा दिइए अनुसार विश्लेषण गर्दा ६५.६९ प्रतिशत विद्यार्थीहरुले विद्यालयको अतिरिक्त क्रियाकलापमा आफू भाग लिने गरेको बताए भने ३४.३७ प्रतिशत विद्यार्थीहरुले आफू विद्यालयको अतिरिक्त क्रियाकलापमा भाग नलिने वा त्यस्ता कार्यक्रमहरुमा आफू संलग्न नरहेको पाइयो । त्यस्तै किन भाग लिदैनौ भन्ने प्रश्नमा उनीहरु त्यस्ता कार्यक्रमहरु भएको दिनमा घरबाट विद्यालय जान नदिने तथा त्यो दिन आफू अन्य काममा व्यस्त हुन पाउने कुरा बताएका थिए । तर पनि धेरै विद्यार्थीहरुले कार्यक्रममा भाग लिने गरेको पाइयो ।

### ४.१.६ श्रमिक विद्यार्थीको बीचैमा विद्यालय छाड्ने र नजाने कारण

श्रमिक बालबालिकाहरु नियमित विद्यालय नजाने र गएपनि बीचैमा छाड्ने कारणहरु के-के होलान् भनी जानकारी लिनका लागि ६ जना शिक्षक, ५ जना अभिभावकसँग सोधिएको प्रश्नमा उनीहरुबाट आएको प्रतिक्रियालाई तालिका नं ४.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.९: विद्यालय छाड्ने नजाने कारणहरुबारे सरोकारवालाहरुको प्रतिक्रिया**

| क्र.सं. | विवरण | शिक्षक | अभिभावक |
|---|---|---|---|
| १ | नियमित रुपमा अनुत्तिर्ण हुनु | २ (३३.३३) | १ (२०) |
| २ | घरायसी कामको व्यस्तता | ५ (८३.३३) | ३ (६०) |
| ३ | उपयुक्त शैक्षिक वातावरणको कमी | ६ (१००) | २ (४०) |
| ४ | अभिभावकमा शैक्षिक चेतनाको कमी | ६ (१००) | ३ (६०) |
| ५ | घर परिवारमा निर्देशन गर्ने अभिभावकको कमी | ४ (६६.६७) | २ (४०) |
| ६ | आर्थिक अवस्था कमजोर | ६ (१००) | ४ (८०) |

*स्रोत: विद्यालय सर्वेक्षण, २०७० । नोट: कोष्ठकमा दिइएको अङ्कले प्रतिशत जनाउँछ ।*

माथिको तालिकामा श्रमिक बालबालिकाहरुले विद्यालय नजाने र गएर पनि बीचैमा छाड्ने कारणहरु उल्लेख गरिएको छ । ति कारणहरुमा शिक्षक र अभिभावकले आ-आफ्नो तरिकाले प्रतिक्रिया दिएका थिए । नियमित रुपमा अनुत्तिर्ण हुनुमा ३३.३३ प्रतिशत शिक्षक र २० प्रतिशत अभिभावकले प्रतिक्रिया दिएको पाइयो । घरायसी कामको व्यस्ततामा ८३.३३ प्रतिशत शिक्षक र ६० प्रतिशत अभिभावकको प्रतिक्रिया आयो । उपयुक्त शैक्षिक वातावरणको कमीमा १०० प्रतिशत शिक्षक र ४० प्रतिशत अभिभावकले प्रतिक्रिया दिएको पाइयो । अभिभावकमा शैक्षिक चेतनाको कमीमा पनि १०० प्रतिशत शिक्षक तथा ६० प्रतिशत अभिभावकको प्रतिक्रिया दिएको पाइयो । घर परिवारमा निर्देशन गर्ने अभिभावकको अभावमा ६६.६७ प्रतिशत शिक्षक र ४० प्रतिशत अभिभावकले प्रतिक्रिया दिएको पाइयो । त्यस्तै आर्थिक अवस्था कमजोर हुनुमा १०० प्रतिशत शिक्षक र ८० प्रतिशत अभिभावकले प्रतिक्रिया दिएको पाइयो ।

यसरी आर्थिक अवस्था कमजोर हुनुमा सबैभन्दा धेरै सरोकारवालाहरुको भनाइ पाइयो । निष्कर्षमा आर्थिक अवस्था कमजोर भएकाले आफैले परिश्रम गरेर खानुपर्ने र पढ्नु पर्ने भएकोले उनीहरुमा पेट पाल्न पहिलो समस्या भएको र शैक्षिक खर्च जुटाउन नसक्नुको कारण उनीहरु विद्यालय नजाने र कामको व्यस्तताले गर्दा विद्यालय नियमित उपस्थित हुन नसकी फेल हुने कारणले गर्दा विद्यालय छोड्न बाध्य हुनु जस्ता कारणले गर्दा विद्यालय नजाने र गएपनि बीचमा विद्यालय छाड्ने गरेको देखिन्छ ।

### ४.१.७ श्रमिक विद्यार्थीहरुको काम तथा पढ्ने समय अवस्था

श्रमिक बालबालिकाहरुले विद्यालय समय अवधि बाहेक घरमा के कति समय काम गर्ने गरेका छन् भनी सूचना संकलन गर्नका लागि ९६ जना श्रमिक विद्यार्थीहरुलाई तिमीहरुले घरमा के कति समय काम गर्ने गर्दछौ भनी सोधिएको प्रश्नमा उनीहरुबाट आएको प्रतिक्रियालाई  तालिका नं ४.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१०: श्रमिक विद्यार्थीहरुको काम गर्ने घण्टाको विवरण**

| ३-५ घण्टा | ५-६ घण्टा | ६-८ घण्टा | ८ भन्दा बढी घण्टा |
|---|---|---|---|
| २९ (३०.२०) | १४(१४.५८) | २५ (२६.०४) | २८ (२९.१७) |

*स्रोत: विद्यालय सर्वेक्षण, २०७० ।*

*नोट: कोष्ठकमा दिइएको अङ्कले प्रतिशत जनाउँछ ।*

माथिको तालिकामा ९६ जना श्रमिक बालबालिकाहरुले घरमा काम गर्ने समयलाई देखाएको छ । तालिकामा देखाएअनुसार विश्लेषण गर्दा यस तथ्यांक अनुसार के थाहा पाउन सकिन्छ भने सबैभन्दा धेरै श्रमिक बालबालिकाहरु (३०.२०) ले दिनमा ३-५ घण्टासम्म घरमा काम गर्ने गरेको पाइयो । त्यस्तै ८ घण्टा भन्दा बढी समय काम गर्ने २९.१७ प्रतिशत विद्यार्थीहरु रहेको, ६-८ घण्टा सम्म काम गर्ने २६.०४ प्रतिशत विद्यार्थी रहेको र ५-६ घण्टासम्म काम गर्ने १४.५८ प्रतिशत विद्यार्थी रहेको पाईयो । यसै क्रममा विद्यार्थीहरुलाई त्यो समयमा के के काम गर्दछौ भनी सोधिएको प्रश्नमा छात्रहरु पसलमा, त्यस्तै पार्कमा र अरु कसैको घरमा काम गर्ने, होटलमा काम गर्ने त्यस्तै साहुको कारखानामा, बस टेम्पोमा काम गर्छु भन्ने पाइएको थियो भने छात्रा विद्यार्थीहरुमा धेरै मात्रामा अर्काको घरमा काम गर्ने, घर सफा गर्ने, खाना पकाउने घाडा माझ्ने त्यस्तै बच्चाहरु हेर्ने कपडा धुने गरेको पाइयो भने पसलमा काम गर्ने छात्रा विद्यार्थीहरु कमै मात्रामा पाइयो । समग्रमा उनीहरुबाट आएको प्रतिक्रियाअनुसार छात्र श्रमिक विद्यार्थीहरुले छात्राको तुलनामा धेरै समय काम गरेको र कडा परिश्रम गर्ने गरेको पाइयो ।

त्यस्तै श्रमिक विद्यार्थीहरुले विद्यालय समय अवधि बाहेक घरमा कति समय अध्ययन गर्ने गरेका छन् भनी सूचना संकलन गर्नका लागि ९६ जना विद्यार्थीहरुलाई तिमीहरुले घरमा के कति समय अध्ययन गर्दछौ भनी सोधिएको प्रश्नमा उनीहरुबाट आएको प्रतिक्रियालाई तालिका नं ४.१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.११: श्रमिक विद्यार्थीहरुले घरमा अध्ययन गर्ने समय विवरण**

| ०-१ घण्टा | १-२ घण्टा | २-३ घण्टा | ३-४ घण्टा |
|---|---|---|---|
| २९ (६९.०५) | १३ (३.९५) | २६ (४८.१५) | २८ (५१.८५) |

*स्रोतः विद्यालय सर्वेक्षण, २०७० ।*

*नोटः कोष्ठकमा दिइएको अङ्कले प्रतिशत जनाउँछ ।*

माथिको तालिकामा श्रमिक बालबालिकाहरुको विद्यालय अवधि बाहेक घरमा अध्ययन गर्ने समयलाई देखाएको छ । तालिकामा देखाएअनुसार विश्लेषण गर्दा ० देखि १ घण्टा पढ्ने ६९.०५ प्रतिशत विद्यार्थी, १-२ घण्टा अध्ययन गर्ने ३०.९५ विद्यार्थी, २-३ घण्टा ४८.१५ विद्यार्थी, ३-४ घण्टा अध्ययन गर्ने ५१.८५ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

समग्रमा भन्नुपर्दा यसबाट के थाहा पाउन सकिन्छ भने सबैभन्दा धेरै श्रमिक बालबालिकाहरुले दिनमा ० देखि १ घण्टासम्म घरमा पढ्ने गरेको पाइयो भने केही विद्यार्थीहरु व्यस्त समयको बावजुद पनि विद्यालयमा नपढेमा गृहकार्य नगरेमा शिक्षकले गाली गर्ने र सबै विद्यार्थीहरुको अगाडि आफूलाई लाज हुने हुँदा पनि काम सकिएपछि रातको समयमा र काममा जानुभन्दा अगाडि केही समय छिटो उठेर पढ्ने समय निकालेर पढ्ने गरेको बताइएको पाइयो । तर धेरै विद्यार्थीले दिनमा १ घण्टा बल्लतल्ल पढ्न पाएको बताएका थिए । यसबाट श्रमिक विद्यार्थीहरु विद्यालयको समयमा बाहेक अन्य जुनसुकै समयमा पनि काममा व्यस्त हुने कारणहरुले उनीहरुको घरमा पर्याप्त अध्ययन गर्ने गरेको पाइएन । फलस्वरुप उनीहरुको शैक्षिक उपलब्धी न्यून हुने गरेको पाइयो ।

## ४.२ विद्यार्थीहरुको शैक्षिक उपलब्धिको अवस्था

श्रमिक विद्यार्थीको शैक्षिक उपलब्धिको बारेमा अध्ययन गर्न अध्ययनमा परेको श्री नन्दी रात्री मा.वि. बाट आवश्यक सूचना एवं तथ्यांकहरु संकलन गरिएको थियो । उक्त विद्यालयको २०६९ सालको उपलब्धिलाई आधार मानेर सूचना एवं तथ्यांकहरु संकलन गरिउको थियो जसमा श्रमिक बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तरबारे जानकारी हासिल गर्नका लागि जम्मा विद्यार्थीहरुको समग्र उपलब्धि स्तर, उत्तीर्ण अनुत्तिर्ण संख्या, छात्र र छात्रा दुवैले छुट्टाछुट्ट कक्षागत र तहगत रुपमा उपलब्धिस्तरलाई हेरिएको थियो । तथ्यांक संकलन विद्यालयमा रहेका रेकर्ड फाइलबाट हेरिएको थियो । यसरी प्राप्त तथ्यांक एवं सूचनालाई निम्नानुसार तलिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका नं. ४.१२: विद्यार्थीहरुको उत्तीर्ण स्थिति २०७०**

| कक्षा | परीक्षामा सम्मिलित २०६९ | | | उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ६ | १९ | १५ | ३४ | १६ (८४.२१) | १३ (८६.६७) | २९ (८५.२९) |
| ७ | २१ | १२ | ३३ | १८ (८५.७१) | १२ (१००) | ३० (९०.९१) |
| ८ | २२ | १३ | ३५ | २० (९०.९०) | १० (७६.९२) | ३० (८५.७१) |
| ९ | १७ | १२ | २९ | १४ (८२.३५) | ८ (६६.६७) | २२ (७५.८६) |
| १० | १३ | १० | २३ | ११ (८४.६१) | ७ (७०) | १८ (७८.२६) |
| जम्मा | ९२ | ६२ | १५४ | ७९ (८५.८७) | ५० (८०.६४) | १२९ (८३.७७) |

*स्रोत: विद्यालयको अभिलेख, २०६९/७० ।*

*नोट: कोष्ठकमा दिइएको अङ्कले प्रतिशत जनाउँछ ।*

माथिको तालिका अनुसार समग्रमा ८३.७७ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण भएकोमा छात्रहरु ८५.८७ प्रतिशत र छात्राहरु ८०.६४ प्रतिशत उत्तीर्ण भएको पाइयो जसमा छात्राहरुको भन्दा छात्रहरुको उत्तीर्ण प्रतिशत ५.२३ ले उच्च रहेको पाइयो । कक्षा ७ मा ९०.९१ प्रतिशत विद्यार्थीहरु सबैभन्दा धेरै उत्तीर्ण भएको पाइयो ।

निष्कर्षमा विद्यालयमा भर्नामा संख्यात्मक रुपमा छात्रको संख्या बढि भएता पनि छात्राहरु घरको काम खासगरी खानापकाउने, भाडा माझ्ने, लुगा धुने, बच्चा हेर्ने जस्ता कामहरु छात्रले भन्दा थप गर्नुपरेकोले छात्रको तुलनामा छात्राहरुको उपलब्धिस्तर कम पाइयो । तसर्थ अभिभावक, शिक्षक तथा विद्यार्थी स्वयम्ले पनि छात्राको शैक्षिक अवस्थामा विशेष जोड दिनुपर्ने देखिन्छ ।

त्यसैगरी २०६९ सालको परीक्षामा जम्मा विद्यार्थी मध्ये श्रमिक विद्यार्थीहरुको उत्तीर्ण अवस्था कस्तो छ भनी गरिएको अध्ययनमा प्राप्त भएको तथ्यांकलाई तालिका नं ४.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१३: श्रमिक विद्यार्थीको उत्तीर्ण संख्या (२०६९)**

| कक्षा | जम्मा उत्तीर्ण | | | श्रमिक उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ६ | १६ (८४.२१) | १३ (८६.६७) | २९ (८५.२९) | १० (६२.५) | ६ (५३.८५) | १७ (५८.६२) |
| ७ | १८ (८५.७१) | १२ (१००) | ३० (९०.९१) | ११ (६१.११) | ६ (५०) | १७ (५६.६७) |
| ८ | २० (९०.९०) | १० (७६.९२) | ३० (८५.७१) | १२ (६०) | ६ (६०) | १८ (६०) |
| ९ | १४ (८२.३५) | ८ (६६.६७) | २२ (७५.८६) | ७ (५०) | ५ (६२) | १२ (५४.५४) |
| १० | ११ (८४.६१) | ७ (७०) | १८ (७८.२६) | — | — | — |
| जम्मा | ७९ (८५.८७) | ५० (८०.६४) | १२९ (८३.७७) | ३९ (५७.३५) | २४ (५५.८१) | ६३ (५६.७६) |

*स्रोत: विद्यालयको अभिलेख, २०७० ।*

*नोट: कोष्ठकमा दिइएको अङ्कले प्रतिशत जनाउँछ ।*

माथिको तालिका अनुसार समग्रमा ८३.७७ प्रतिशत जम्मा विद्यार्थी उत्तीर्ण भएकोमा ५६.७६ श्रमिक विद्यार्थीहरु उत्तीर्ण भएको पाइयो । जसमा जम्मा ८५.८७ छात्रहरु  प्रतिशत र छात्राहरु ८०.६४ प्रतिशत उत्तीर्ण भएकोमा ५७.३५ श्रमिक छात्र र ५५.८१ श्रमिक छात्राहरु रहेको पाइयो । यसबाट छात्राहरुको भन्दा छात्रहरुको उत्तीर्ण प्रतिशत बढि रहेको पाइन्छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा के भन्न सकिन्छ भने छात्रको तुलनामा छात्राको उपलब्धि अलि कम देखिन्छ । छात्राहरु बढी घरायसी काममा व्यस्त हुने कारण उनीहरु नियमित रुपमा विद्यालय उपस्थिति हुन नपाउने र घरमा पढ्ने समय पनि नपाउने र परीक्षामा फेल हुने कारणले उपलब्धि कम देखिन्छ । अन्य विद्यार्थीको तुलनामा श्रमिक विद्यार्थीहरुको उपलब्धि कम देखिन्छ । यसो हुनुमा दिनभरि काम गरी फुर्सदका समयमा पढ्ने विद्यार्थी र पढ्न पाउने विद्यार्थी बीचको उपलब्धि फरक नै हुन्छ । “समय हुँदा पढ्ने र समय भएर पढ्ने” विद्यार्थीको उपलब्धि फरक नै हुन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने श्रमिक विद्यार्थीलाई विभिन्न बालश्रमबाट मुक्त गरि अन्य विद्यार्थीलाई जस्तै पढ्न पाउने व्यवस्था हुनुपर्दछ । अभिभावक, शिक्षक तथा विद्यार्थी स्वयम्ले पनि छात्राको शैक्षिक अवस्थामा विशेष जोड दिनुपर्ने देखिन्छ ।

### ४.२.१ श्रमिक विद्यार्थी उपलब्धि स्तरबारे सरोकारवालाको धारणा

श्रमिक विद्यार्थीको शैक्षिक उपलब्धि कस्तो छ ? राम्रो, ठीकै/सन्तोषजनक, नराम्रो भन्ने विषयमा ६ जना शिक्षकसँग सोधिएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रियालाई तालिका नं ४.१४ मा प्रश्तुत गरिएको छ ।

**तालिका नं. ४.१४: विद्यार्थी उपस्थिति सन्तोषजनक भए नभएको बारे शिक्षकहरुको प्रतिक्रिया**

| विवरण | राम्रो | ठीकै/सन्तोषजनक | नराम्रो |
|---|---|---|---|
| शिक्षक (६) | २ | ३ | १ |

*स्रोतः विद्यालय सर्वेक्षण, २०७० ।*

माथिको तालिका अनुसार श्रमिक बालबालिकाहरुको शैक्षिक उपलब्धिस्तर राम्रो छ भन्ने २ जना शिक्षक, ठीकै/सन्तोषजनक छ भन्ने ३ जना शिक्षक र नराम्रो भन्नेमा १ जना शिक्षकको प्रतिक्रिया रहेको पाइयो । समग्रमा हेर्दा सन्तोषजनक छ भन्ने विषयमा सबैभन्दा बढी प्रतिक्रिया पाइयो । त्यसरी नै विद्यालयको रेकर्ड हेर्दा विद्यार्थीको उपलब्धि सन्तोषजनक देखिएता पनि बढि मात्रामा विद्यार्थीहरु विज्ञान, गणित तथा अंग्रेजी विषयमा बढी असफल हुने गरेको पाइयो ।

### ४.२.२ श्रमिक विद्यार्थीहरुको शैक्षिक उपलब्धिस्तर नराम्रो हुने कारणहरु

श्रमिक विद्यार्थीहरुको अन्य विद्यार्थीको तुलनामा शैक्षिक उपलब्धिस्तर अलि न्यून हुन्छ । यस्तो हुनका कारणहरु के-के होलान् भनि शिक्षकहरुलाई सोधिएको प्रश्नमा ६ जना शिक्षकहरुबाट आएका प्रतिक्रियालाई  तालिका नं ४.१५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१५: श्रमिक विद्यार्थीहरुको उपलब्धिस्तर नराम्रो हुनका कारणहरु बारे शिक्षकहरुको प्रतिक्रिया**

| क.सं. | विवरण | शिक्षक |
|---|---|---|
| १ | विद्यालय नियमित रुपमा उपस्थित नहुनु | ४ |
| २ | परिवारमा आर्थिक समस्या हुनु, गरीब | ६ |
| ३ | अभिभावकमा शैक्षिक चेतनाको कमी हुनु | ५ |
| ४ | घरायसी कामको व्यस्तता | ५ |
| ५ | श्रम मजदुरी गर्नुपर्ने | ६ |

*स्रोतः विद्यालय सर्वेक्षण, २०७० ।*

*नोटः शिक्षकहरुको प्रतिक्रिया एकभन्दा बढी पाइएको थियो ।*

माथिको तालिकाअनुसार श्रमिक विद्यार्थीहरुको उपलब्धिस्तर न्यून हुने कारणहरुमा सबैभन्दा बढी ६ जना शिक्षकहरुले श्रमिक विद्यार्थीको परिवारमा आर्थिक समस्या हुनु र श्रमिक विद्यार्थीले श्रम मजदुरी गर्नुपर्ने बाध्यता भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यस्तै ४ जना शिक्षकहरुले विद्यालयमा नियमित उपस्थित नहुनु भन्ने बताए भने ५ जना शिक्षकले अभिभावकमा शैक्षिक चेतनाको कमी हुनु भन्ने प्रतिक्रिया दिए । यसरी नै घरायसी काम गर्नुपर्नेमा ५ जना शिक्षकले प्रतिक्रिया दिएको पाइयो । निष्कर्षमा श्रमिक विद्यार्थीहरुको घरको आर्थिक अवस्था कमजोर हुनुको कारण ज्याला मजदुरी गर्नुपर्ने कारणबाट विद्यालयमा नियमित उपस्थित हुन नसक्नु, पढाइमा पर्याप्त समय दिन नसक्नु जसको कारण उपलब्धीस्तर न्यून हुने गरेको पाइयो ।

### ४.२.३ श्रमिक विद्यार्थीको शैक्षिक उपलब्धिस्तर राम्रो बनाउने तरिकाहरु

श्रमिक विद्यार्थीको शैक्षिक उपलब्धिस्तर अझ राम्रो बनाउन के गर्नुपर्ला वा राम्रो बनाउने तरिकाहरु के-के होलान् भनी ६ जना शिक्षकहरुलाई सोधिएको प्रश्नमा शिक्षकहरुबाट आएको प्रतिक्रियालाई तालिका नं ४.१६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१६: श्रमिक बालबालिकाको शैक्षिक उपलब्धिस्तर राम्रो बनाउने तरिकाहरुबारे शिक्षकहरुको प्रतिक्रिया**

| क.सं. | विवरण | शिक्षक |
|---|---|---|
| १ | घरमा बालबालिकालाई पढ्ने समय पर्याप्त हुनुपर्ने | ३ |
| २ | अभिभावक तथा विद्यार्थीमा शैक्षिक जनचेतना जगाउनुपर्ने | ५ |
| ३ | श्रमिक विद्यार्थीलाई श्रमबाट मुक्त गर्नुपर्ने | ६ |
| ४ | राज्य वा अन्तर्गतका निकायबाट नीति र नियम कार्यान्वयन हुनुपर्ने | ६ |
| ५ | विद्यालयमा नियमित उपस्थित गराई कक्षा क्रियाकलापमा संलग्न गराउनुपर्ने | ५ |
| ६ | निशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था | ६ |

*स्रोतः विद्यालय सर्वेक्षण, २०७० ।*

*नोटः शिक्षकहरुको प्रतिक्रिया एकभन्दा बढी पाइएको थियो ।*

माथिको तालिकाअनुसार श्रमिक विद्यार्थीको शैक्षिक उपलब्धिस्तर राम्रो बनाउन घरमा बालबालिकालाई पढ्ने समय दिनुपर्नेमा ३ जना शिक्षक, अभिभावक तथा विद्यार्थीमा शैक्षिक जनचेतना जगाउनुपर्नेमा ५ जना शिक्षक, श्रमिक विद्यार्थीलाई श्रमबाट मुक्त गर्नुपर्नेमा ६ जना नै शिक्षकले प्रतिक्रिया दिएको पाइयो । त्यस्ता विद्यालयमा विद्यार्थी नियमित उपस्थित गराइ कक्षा क्रियाकलापमा बढि

संलग्न गराउनुपर्नेमा ५ जना शिक्षक र निशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्थामा ६ जना शिक्षककै प्रतिक्रिया पाइयो ।

यसरी निष्कर्षमा भन्नुपर्दा श्रमिक विद्यार्थीलाई श्रम गर्नबाट मुक्त पारिनुपर्ने, निशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था भएमा त्यस्तै राज्यले तय गरेका नीतिहरु कार्यान्वयन हुनुपर्ने जस्ता कुराहरुमा सबै शिक्षकहरुको प्रतिक्रिया पाइएको नीतिनियम कार्यान्वयन हुन्थ्यो त निशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था हुन्थ्यो भने बालबालिकाहरु जसरी पनि शिक्षामा प्रवेश गर्ने थिए होलान् तथा उनीहरुमा शिक्षाको प्रभाव तथा अभिभावकमा शिक्षाको प्रभावले गर्दा बालबालिकाहरु बढ्दो बालश्रमबाट मुक्त हुन्थ्यो होला । त्यसैले सबै व्यक्ति समुदाय र राष्ट्रबाट नै शैक्षिक जनचेतना जगाइ नीति निर्माण तहदेखि कार्यान्वयन तहसम्म बालश्रम उन्मुलन गर्न जरुरी छ ।

### ४.२.४ श्रमिक विद्यार्थीहरुको विद्यालयमा पहुँच बढाउने उपायहरु

श्रमिक विद्यार्थीहरुको विद्यालयमा शैक्षिक सहभागिता बनाउन के के उपायहरु के के अपनाउनुपर्ला ? के कसरी श्रमिक बालबालिकाहरुलाई विद्यालयमा सहभागिता बढाउन सकिन्छ ? भन्ने प्रश्नमा ६ जना शिक्षक छनोटमा परेका सबै विद्यार्थी तथा ५ जना अभिभावकलाई सोधिएको प्रश्नमा उनीहरुबाट आएको प्रतिक्रियालाई तालिका नं ४.१७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१७: श्रमिक बालबालिकाको विद्यालयमा शैक्षिक सहभागिता बढाउन अपनाउने उपायहरुबारे सरोकारवालाहरुको प्रतिक्रिया**

| क्र.सं. | विवरण | शिक्षक | विद्यार्थी | संरक्षक |
|---|---|---|---|---|
| १ | विद्यालयमा छात्रवृत्ति तथा स्टेशनरी ड्रेस उपलब्ध गराउनुपर्ने | ५ (८३.३३) | ९६ (१००) | ५ (१००) |
| २ | अनिवार्य तथा नि:शुल्क गुणस्तरीय शिक्षाको व्यवस्था गर्नुपर्ने | ५ (८३.३३) | ९१ (९४.७९) | ५ (१००) |
| ३ | शिक्षा लिने दिने बारेमा जनचेतना तथा प्रचारप्रसार गर्न आवश्यक | ६ (१००) | ९५ (९८.९६) | ४ (८०) |
| ४ | विद्यार्थीलाई माया, स्नेह तथा सहयोग गर्नुपर्ने | ५ (८३.३३) | ९५ (९८.९६) | ४ (८०) |
| ५ | बालबालिकालाई श्रमबाट मुक्त गर्नुपर्ने | ६ (१००) | ९० (९३.७५) | ३ (७०) |
| ६ | बालअधिकारमा जोड दिँदै विद्यार्थीलाई विभेदरहित हौसला तथा प्रोत्साहन गर्नुपर्ने | ४ (६६.६७) | ९३ (९६.८७) | ४ (८०) |
| | जम्मा | ६ | ९६ | ५ |

माथिको तालिका अनुसार श्रमिक विद्यार्थीहरुको शैक्षिक सहभागिता बढाउने विद्यालयमा छात्रवृत्ति तथा स्टेशनरी ड्रेस उपलब्ध गराउनुपर्नेमा शत प्रतिशत विद्यार्थी ५ जना शिक्षक तथा ५ जना संरक्षकले प्रतिक्रिया जनाएको पाइयो । निःशुल्क तथा अनिवार्य गुणस्तरीय शिक्षाको व्यवस्था हुनुपर्नेमा ५ जना शिक्षक, ९४.७९ प्रतिशत विद्यार्थी तथा शत प्रतिशत बालश्रमिकका संरक्षकले प्रतिक्रिया दिएको पाइयो । शिक्षा लिने दिने बारेमा जनचेतना तथा प्रचार प्रसार गर्नुपर्नेमा ६ जना शिक्षक ९८.९६ प्रतिशत विद्यार्थी र ४ जना संरक्षकले प्रतिक्रिया दिएको पाइयो । त्यस्तै बालअधिकारमा जोड दिँदै विद्यार्थीलाई विभेदरहित वातावरणमा शिक्षाप्रति हौसला र प्रोत्साहन गर्नुपर्नेमा ४ जना शिक्षक ९६.८७ प्रतिशत विद्यार्थी र ४ जना संरक्षकले प्रतिक्रिया दिएको पाइयो ।

यसरी समग्रमा भन्नुपर्दा निःशुल्क तथा अनिवार्य गुणस्तरीय शिक्षाको व्यवस्था गर्नुपर्ने, बालबालिकालाई विद्यालयमा छात्रवृत्तिका साथै ड्रेस, स्टेशनरी उपलब्ध गराउनुपर्ने, बालबालिकालाई श्रम गर्नबाट मुक्त गर्नुपर्ने, शिक्षा लिनेदिने बारेमा जनचेतना तथा प्रचार प्रसार गर्न आवश्यक, विद्यार्थीलाई माया, ममता, स्नेह तथा सहयोग गर्नुपर्ने, बालअधिकारमा जोड दिँदै विद्यार्थीहरुलाई विभेदरहित वातावरणमा शिक्षा प्रति हौसला तथा प्रोत्साहन दिनुपर्ने जस्ता कुराहरुले विद्यालयमा श्रमिक बालबालिकाहरुको सहभागिता बढाउन सकिन्छ ।

## ४.३ श्रमिक बालबालिकाको शैक्षिक समस्या

अध्ययन क्षेत्र श्री ननदी रात्री मा.वि. का श्रमिक बालबालिकाका शैक्षिक समस्याहरु के-के छन् ? के कति कारणले शैक्षिक सहभागिता न्युन छ ? किन अझै पनि केही बालबालिकाहरु विद्यालयको पढाइ भन्दा बाहिर छन् ? विद्यालय आएकाको पनि उपलब्धि किन न्यून छ ? विद्यालय आएता पनि किन बीचैमा कक्षा छाड्ने गर्दछन् ? भन्ने जस्ता प्रश्नमा विचार, धारणा र प्रतिक्रिया बुझ्न वा बालबालिकाका शैक्षिक समस्या बारे जानकारी लिन ५ जना संरक्षक, ६ जना विद्यालयका शिक्षक र ९६ जना विद्यार्थीहरुबाट प्राप्त भएको प्रतिक्रियालाई तालिका नं ४.१८ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१८: श्रमिक बालबालिकाको शैक्षिक समस्या तथा अवरोधहरु बारे सरोकारवालाहरुले दिएको प्रतिक्रिया**

| क.सं. | विवरण | शिक्षक | विद्यार्थी | संरक्षक |
|---|---|---|---|---|
| १ | पढाइको वातावरण नहुनु | ६ | ९६ (१००) | ४ |
| २ | गरिबी, स्टेशनरी सामान किन्न पढाइ शुल्क तिर्न नसक्नु | ५ | ९६ (१००) | ५ |
| ३ | हौसला प्रेरणा दिने अभिभावकको व्यवस्था | ६ | ९३ (९६.८७) | ४ |
| ४ | बढ्दो बालश्रम शोषण, भेदभाव | ५ | ९१ (९३.७५) | ४ |
| ५ | आफ्नो घर, बाबुआमा नहुनु, बालबालिका घर निकाला हुनु | ५ | ९६ (१००) | ५ |
| ६ | बालबालिकाप्रति माया, ममता स्नेह सहयोगका अभाव | ६ | ९४ (९७.९२) | ४ |
| | जम्मा | ६ | ९६ | ५ |

*नोटः कोष्ठकमा दिइएको अङ्कले प्रतिशत जनाउँछ ।*

माथिको तालिकालाई विश्लेषण गर्दा श्रमिक विद्यार्थीहरुको समस्या तथा अवरोधहरुमा पढाइको वातावरण नहुनुमा ६ जना शिक्षक शत प्रतिशत विद्यार्थी, ४ जना संरक्षकले प्रतिक्रिया दिएको पाइयो । गरिबी, स्टेशनरी, सामान किन्न, पढाइ शुल्क तिर्न नसक्नुमा शत प्रतिशत विद्यार्थी र संरक्षक र ५ जना शिक्षक प्रतिक्रिया दिएको पाइयो । त्यस्तै हौसला तथा प्रेरणा दिने अभिभावकको कमी, अभिभावकको व्यवास्ता ६ जना शिक्षक, ९६.८७ प्रतिशत विद्यार्थी तथा ४ जना संरक्षकले प्रतिक्रिया दिएको पाइयो । बढ्दो बालश्रम शोषण, भेदभावमा ५ जना शिक्षक ९३.७५ प्रतिशत विद्यार्थी र ४ जना संरक्षकको प्रतिक्रिया पाइयो । त्यस्तै आफ्नो घर, आमाबाबु नहुनु, बालबालिका घरबाट निकालिनुमा ५ जना शिक्षक तथा शत प्रतिशत शिक्षक संरक्षकले प्रतिक्रिया दिएको पाइयो । बालबालिका प्रति माया स्नेह, ममता र सहयोगको अभावमा ६ ना शिक्षक ९७.९२ प्रतिशत विद्यार्थी तथा ४ जना शिक्षकको प्रतिक्रिया पाइयो ।

यसरी समग्रमा भन्नुपर्दा पढाइको वातावरण नहुनु, गरिबी, स्टेशनरी सामान किन्न पढाइ शुल्क तिर्न नसक्नु, हौसला प्रेरणा दिने अभिभावकको कमी, अभिभावकका व्यवास्ता, बढ्दो बालश्रम शोषण, भेदभाव, आफ्नो घर, आमाबाबु नहुनु, बालबालिका निकाला हुनु, बालबालिकाप्रति माया, ममता, स्नेह र

सहयोगको अभाव आदि श्रमिक बालबालिकाहरुको शैक्षिक समस्या तथा अवरोधहरु रहेका बताइएको पाइयो जसबाट गरिबी प्रमुख कारण भएकोले बालबालिका घरायसी कामदार तथा अन्य श्रमका क्षेत्रमा काम गर्न बाध्य हुनुपर्दा विद्यालयमा भर्ना हुन सकिरहेको अवस्था नभएको र भएता पनि विद्यालयमा शुल्क तिर्न नसक्ने अन्य स्टेशनरी सामान ड्रेस किन्न नसक्ने अवथा सृजना भएको देखिन्छ साथै काममा व्यस्त हुने कारणबाट उनीहरुलाई पढाइको वातावरण नपाउने कारण पनि विभिन्न समस्या आइपरेको देखिन्छ ।

## ४.४ सरोकारवालाहरुबाट प्राप्त धारणा

श्रमिक विद्यार्थीहरुको विद्यालय सहभागीता, उपलब्धि र समस्याका बारेमा स्कुलका प्रत्येक कक्षाका कक्षा शिक्षकहरु जम्मा ५ जना र विद्यालयका प्रधानाध्यापक गरी जम्मा ६ जना शिक्षकलाई सोधिएको प्रश्नावली मार्फत प्राप्त भएका प्रतिक्रिया हरुमा खासगरी भर्ना सन्तोषजनक भएपनी समुदायका सबै बालबालिकालाइ विद्यालयको पँहुच भित्र ल्याँउन नसकिएको, घरमा पढ्ने समय नपाएका कारणले प्रायः विद्यार्थीले गृहकार्य नगरेको , त्यस्तै कक्षा सक्रियता पनी न्यून रहेको भन्ने प्रतिक्रिया पाइयो । त्यसरीनै विद्यार्थीहरु अतिरिक्त क्रियाकलापमा न्यून रुपमा सहभागी हुने गरेको पाइयो । त्यसरीनै श्रमिक बालबालिकाहरुको शैक्षिक समस्या के-के होलान् भन्ने प्रश्नको उत्तरमा अभिभावकमा शैक्षिक चेतनाको कमीका कारण बालबालिकाहरु विद्यालय नपठाएको भन्ने प्रतिक्रिया दिए भने अर्कोतिर आर्थिक समस्याका कारण पढाइ खर्च जुटाउन नसकेकोले विद्यालय नपठाएको भन्ने प्रतिक्रिया दिए । त्यसरी नै बालबालिका आफै बाल मजदुरको रुपम विभिन्न उद्योग ,कलकारखानामा काम गर्ने, घरायसी कामदारको रुपमा काम गर्ने , आमा बाबुको पेशामा सघाउनुपर्ने खासगरी गिट्टि फोर्ने, भारी बोक्ने पसलको काममा सघाउनु पर्ने , घरमा भाइ बहिनीको रेखदेख गर्नुपर्ने जसको कारण केही बालबालिका विद्यालय नै नआउने र केही विद्यालय आएपनी बिचैमा कक्षा छाड्नु, अनियमित हुनु, घरमा पढ्ने समय नमिल्नु आदी समस्याका कारण श्रमिक विद्यार्थीको उपलब्धि न्यून छ भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसरी नै घरमा निर्देशन गर्ने अभिभावकको अभावमा विद्यालय हिडेपनी बाटैबाट खोलामा माछा मार्न जाने , विद्यालय आएरपनी पढाइमा सक्रियता नदेखाउनु , कामको बोझका कारण पढाइलाइपनी बोझ सम्झनु जस्ता विभिन्न समस्याहरु नै शैक्षिक समस्याका रुपमा छन् भन्ने प्रतिक्रिया दिएको पाइयो ।

शिक्षकहरुले यी र यस्ता समस्या समाधानमा विद्यालय एक्लैले मात्र केही गर्न नसक्ने भन्दै उनीहरुले नगरपालिका, जिल्ला विकास समिती र विभिन्न राजनैतिक दलहरुले श्रमिक समुदायमा विभिन्न किषिमका जनचेतना मुलक र आर्थीक उर्पाजनका कार्यक्रमहरु लैजानु पर्ने बताएका थिए ।

त्यस्तै अध्ययन क्षेत्रका श्रमिक बालबालिकाहरुको विद्यालय सहभागीता, उपलब्धि र समस्या अध्ययनको लागी श्री नन्दी रात्री मा.वि. मा अध्ययनरत जम्मा २०२ जना विद्यार्थीहरुलाई प्रश्नावली भराइएको थियो । छनोटमा परेका विद्यार्थीलाइ  श्रमिक विद्यार्थीका शैक्षिक समस्याहरु के के होलान् ? भनी सोधीएको प्रश्नमा उनीहरुले पारीवारिक आर्थीक अभावका कारण घरमा खानाको गुजरा चलाउनको लागी मजदुरी गर्नु , आमा बाबालाइ काममा सघाउनु , आमा बाबा काममा गएको बेला भाइ बहिनीको रेखदेख गनुपर्ने, किताब,कापी र ड्रेस किन्नको लागी पैसा नभएको र  पढेर पनी केही पाइएला जस्तो नलागेको, कामको कारणले पढ्न नपाउदा फेल भएको कारणले विद्यालय नगएको र केहीले बिचैमा छाडेको छन् भन्ने प्रतिक्रिया पाइयो ।  त्यस्तै घरमा त्यती धेरै समय अध्ययन गर्ने समय नमिल्ने बताए, विद्यार्थीलाइ परेका समस्यामा विद्यालयमा अन्य साथीहरुको विभिन्न क्रियाकलापबाट हेपिनुपर्ने, शिक्षकले पनी उपयुक्त किसिमले ध्यान नदिने, काम गर्दा नभ्याएका कारण मैला कपडा लगाएर जादाँ, पूराना लुगा लगाएर जादाँ अन्य साथीहरुले गिज्याउने गरेको कारण विद्यालय नै नजाउ जस्तो लाग्ने गरेको बताए । विद्यालयले श्रमिक विद्यार्थीलाइ अन्य विद्यार्थीको तुलनामा बढी संरक्षण दिने, छात्रवृत्ति वितरण जस्ता कार्यक्रममा बढी सहभागी गराएको खण्डमा केही भएपनी राहत मिल्ले कुरा विद्यार्थीहरुले बताए ।

त्यस्तै घरमा आमा बाबाको दु:खः देखी पढ्न पनी मन नलाग्ने र दुइ चार पैसा आफुले कमाएर आमा बाबालाइ सहयोग गर्न मन लाग्ने, कतिपय विद्यार्थीलेत घरमा मात्र नभएर उद्योग कलकारखाना र घरायसी कामदारको रुपमा काम गर्ने, काम गरेर विद्यालय हतार हतार आउदा ढिला हुने गरेको जसको कारण शिक्षकको गाली खाने गरेको र थाकेको शरीरले पढ्न मन नलाग्ने फलस्वरुप उपलब्धि न्यून हुने गरेको बताएका थिय । त्यसरीनै परीक्षाको बेलामा अन्य साथीहरुले ट्यूसन पढ्दा आफुहरु पैसा नभएकोले ट्यूसन पढ्न नपाउदा दु:खः लाग्ने गरेको बताए । छनोटमा परेका विद्यार्थीलाइ श्रमिक बालबालिकाको विद्यालय सहाभागीता बढाउन के-के गर्नुपर्ला भनी सोधिएको प्रश्नमा खासगरी आर्थीक सहयोग गर्नुपर्ने, विद्यालयमा अर्थोपार्जन गर्ने किसिमका सिप सिकाउनु पर्ने, पुर्ण छात्रवृत्ति प्रदान गर्नुपर्ने, स्कुल ड्रेस र स्टेशनरीको व्यवस्था गरीदिएको खण्डमा श्रमिक विद्यार्थीको विद्यालय सहभागीता बढ्ने थियो भन्ने प्रतिक्रिया पाइयो ।

त्यसैगरी श्रमिक विद्यार्थिका विभिन्न शैक्षिक समस्याहरुका बारेमा अन्तवार्ता प्रश्नावली मार्फत स्थानीय ५ जना संरक्षकले विभिन्न प्रतिक्रिया दिएका थिए । जसमध्ये श्रमिक विद्यार्थीहरुको विद्यालय सहभागीतामा किन कमी भएको होला भन्ने प्रश्नको उत्तरमा बालबालिकाहरु श्रममा संलग्न भएको, आर्थीक अभाव र अभिभावकमा शैक्षिक चेतनाको कमीका कारण विद्यालय सहभागीतामा कमी देखिएको हो भन्ने प्रतिक्रिया पाइयो । त्यस्तै श्रमिक बालबालिकाको शैक्षिक सहभागीता बढाउन के-के कुरा गर्न आवश्यक छ भन्ने प्रश्नमा स्टेशनरी वितरण, पुर्ण छात्रवृत्ति, ड्रेस प्रदान गर्ने, चेतनामुलक घरदैलो

कार्यक्रम, अभिभावक, आमा समुह भेला तथा विभिन्न अन्तरक्रिया कार्यक्रम गरेर श्रमिक समुदायमा जनचेतना फैलाएको खण्डमा श्रमिक बालबालिकाको शैक्षिक सहभागीता बढ्छ भन्ने प्रतिक्रिया पाइयो । त्यसैगरी श्रमिक बालबालिकाका शैक्षिक समस्या के-के होलान् भन्ने प्रश्नमा आर्थीक समस्या जसको कारण ड्रेस, स्टेशनरी लगायतका सामान किन्न समस्या भएको बताएका थिए । त्यस्तै बालबालिकाले श्रम गनुपर्ने, घरमा आमा बाबालाइ सघाउनुपर्ने, भाइ बहिनीको रेखदेख गनुपर्ने ,विभिन्न उद्योगमा मजदूर र अर्कोको घरमा घरायसी कामदारको रुपमा काम गनुपर्ने घरमा पढ्ने समय नहुनु जस्ता प्रतिक्रिया दिएका थिए । त्यसैगरी विद्यालयमा शिक्षकहरुले राम्रो संरक्षण नदिएको जसको कारण श्रमिक विद्यार्थीहरु कक्षा छोड्दै काममा जाने गरेको प्रतिक्रिया दिएका थिए । त्यसैगरी शिक्षक र अभिभावकको खासै सम्पर्क नहुनु जसको कारण विद्यार्थीको शैक्षिक गतीविधी बारे जानकारी को अभाव हुनु आदी समस्या बताएका थिए ।

यसरी समग्रमा आर्थीक अवस्था कमजोर, श्रम गर्नुपर्ने, विद्यालयमा विशेष संरक्षण नहुनु, शिक्षक अभिभावकको राम्रो सह-सम्बन्ध नहुनु जस्ता कारणहरुनै श्रमिक विद्यार्थीका समस्या हुन् भन्ने प्रतिक्रिया पाइएको थियो ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

"बाल श्रमिकको शैक्षिक स्थिति" शीर्षकको यो अध्ययन काठमाण्डौ जिल्ला अन्तर्गत काठमाण्डौ महा नगरपालिकाको नक्सालमा अवस्थित प्रायजसो श्रमिक विधार्थीले अध्ययन गर्ने श्री नन्दी रात्री मा.वि.लाई उद्देश्य मुलक नमुना छनौट विधी अन्तर्गत छनौट गरीएको थियो । यस अध्ययनको उद्देश्यहरु श्रमिक बालबालिकाको विद्यालय सहभागिताको स्थिति पत्ता लगाउनु, श्रमिक बालबालिकाको शैक्षिक उपलब्धी पहिचान गर्नु र श्रमिक बालबालिकाको शैक्षिक समस्या पत्ता लगाउनु रहेको थियो । यस अध्ययनमा गुणात्मक र परिमाणात्मक गरी मिश्रित विधीको प्रयोग गरिएको थियो । अध्ययनमा श्रमिक विद्यार्थीहरुले पढ्ने श्री नन्दी रात्री मा.विका २०२ जना विद्यार्थी, कक्षा ६ देखी १० सम्मका कक्षा शिक्षक, विद्यालयका प्रधानध्यापक तथा ५ जना बाल श्रमिकका अभिभावक लाइ नमुनाको रुपमा छनोट गरी प्रश्नावली भरीएको थियो । अध्ययन साधनहरु, विद्यालय सर्वेक्षण फारम, शिक्षक, प्र.अ र विद्यार्थीलाइ छुट्टाछुट्टै प्रश्नावली प्रयोग गरिएको थियो भने । बालश्रमिकका संरक्षकलाइ अन्तर्वार्ता प्रश्नावली भरीएको थियो । अध्ययनबाट निम्न प्राप्ति, निष्कष र सुझावहरु निकालिएको छ ।

## ५.१ प्राप्ति

अध्ययनका साधनहरुको प्रयोगबाट संकलित तथ्याङ्क र सूचनाको विश्लेषण र व्याख्याद्वारा निम्न लिखित प्राप्तिहरु निकालिएको छ ।

### ५.१.१ श्रमिक बालबालिकाको विद्यालय सहभागीताको स्थिति

- विद्यालयमा जम्मा २०२ विद्यार्थी मध्ये ९६ जना श्रमिक विद्यार्थी रहेको पाइयो । नि.मा.वि. तहमा १३३ र मा.वि. तहमा जम्मा ६९ विद्यार्थी रहेकोमा जम्मा विद्यार्थी मध्ये ६५ जना नि.मा.वि मा र मा.वि मा ३१ श्रमिक विद्यार्थीहरु रहेको पाइयो ।
- ८५.४२ प्रतिशत श्रमिक विद्यार्थीहरु ७५ प्रतिशत भन्दा बढि दिनसम्म विद्यालय उपस्थिति रहेको र १४.५८ प्रतिशत श्रमिक विद्यार्थीहरु भर्ना भएर पनि अझै पनि नियमित विद्यालय आउन नसकेको देखिन्छ ।
- विद्यालयको हाजिरी रेकर्ड हेर्दा अधिकांश श्रमिक विद्यार्थीहरु ७५ प्रतिशत भन्दा बढि दिनसम्म विद्यालय उपस्थिति रहेको पाइयो । तर त्यसै विषयमा विद्यार्थीहरुको नियमितता बारेमा सोध्दा विद्यालयका धेरै शिक्षकहरुले विद्यार्थीको उपस्थिति कम रहेको बताए ।

- जम्मा १७८ विद्यार्थीमा १३.४८ प्रतिशत विद्यार्थीले कक्षा छाडेको पाइयो भने २५ जना अर्थात १४.०४ प्रतिशत प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइयो । कक्षा दोहोऱ्याउने जम्मा २५ जनामा २० जना श्रमिक विद्यार्थी रहेको पाइयो ।
- अनुसन्धानमा परेका श्रमिक विद्यार्थी अनुसार ६८.७५ प्रतिशत विद्यार्थीले नियमित गृहकार्य गरेको र ३१.२५ प्रतिशत विद्यार्थीले गृहकार्य नगर्ने वा कहिलेकाहीं मात्र गरेको पाइयो । उनीहरुको कामको व्यस्तता तथा थकाइको कारण दिनदिनै गृहकार्य गर्न नसकेका बताए ।
- अध्यापन गराउने शिक्षकका अनुसार ४ जना शिक्षकले कक्षामा श्रमिक विद्यार्थीहरु सक्रिय रहेको बताए भने १ जना शिक्षकले सक्रियता कम भएको बताए ।
- अनुसन्धानमा परेका श्रमिक विद्यार्थीका अनुसार ६५.६३ प्रतिशत विद्यार्थीले अतिरिक्त क्रियाकलापमा संलग्न हुने वा भाग लिने बताए भने ३४.३७ प्रतिशत विद्यार्थीले अतिरिक्त क्रियाकलापमा आफू संलग्न नहुने वा भाग नलिने बताए ।
- विद्यालय भर्ना भएका श्रमिक विद्यार्थीहरु मध्ये दिनहुँ ३९.५८ प्रतिशत विद्यार्थीले ३-५ घण्टासम्म घरमा काम गर्ने गरेको पाइयो ।
- विद्यालयमा भर्ना भएका श्रमिक विद्यार्थीहरु मध्ये विद्यालयको अवधि बाहेक दिनहुँ घरमा सबैभन्दा बढी ९९.०५ प्रतिशत विद्यार्थीले ०-१ घण्टा सम्म घरमा अध्ययन गर्ने गरेको पाइयो ।
- श्रमिक अभिभावक र शिक्षकको प्रतिक्रियाअनुसार श्रमिक बालबालिकाहरु विद्यालय नजाने र गएपनि बीचैमा छाड्ने कारणहरुमा नियमित रुपमा अनुत्तिर्ण हुनु, घरायसी कामको व्यस्तता, उपयुक्त शैक्षिक वातावरणको कमी, अभिभावकमा शैक्षिक चेतनाको कमी, घरपरिवारमा निर्देशन, प्रेरणा दिने अभिभावकको अभाव, गरीबी आदि कारणहरु रहेको पाइयो ।
- श्रमिक विद्यार्थीहरुलाई विद्यालयमा पहुँच बढाउन के के उपाय अपनाउनु पर्ला भनि सोधिएको प्रश्नमा विद्यालयमा छात्रवृत्ति, स्टेशनरी, ड्रेस उपलब्ध गराउनुपर्ने, निःशुल्क तथा अनिवार्य गुणस्तरीय शिक्षाको व्यवस्था गर्नुपर्ने बालबालिकालाई श्रमबाट मुक्त गर्नुपर्ने, विद्यार्थीलाई घरमा पढ्ने शैक्षिक वातावरण मिलाउनुपर्ने, बाल अधिकारमा जोड दिँदै विभेदरहित वातावरणमा शिक्षाप्रति हौसला प्रेरणा दिँदै उनीहरुलाई माया, ममता, स्नेह र सहयोग गर्नुपर्ने पाइयो ।

### ५.१.२ श्रमिक बालबालिकाको शैक्षिक उपलब्धीको अवस्था

- नि.मा.वि. तहमा ८७.२५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको पाइयो । त्यसैगरी मा.वि. तहमा ७६.९२ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको पाइयो । समग्रमा ८३.७७ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण भएको जसमा ८५.८७ प्रतिशत छात्र र ८०.६४ प्रतिशत छात्रा उत्तीर्ण भएको पाइयो । जसमा ५६.७६ प्रतिशत श्रमिक विद्यार्थी उत्तीर्ण भएको देखिन्छ ।

- विद्यालयको रेकर्ड हेर्दा र शिक्षकहरुको प्रतिक्रियाबाट श्रमिक विद्यार्थीहरुको उपलब्धि सन्तोषजनक देखिएता पनि बढि मात्रामा विद्यार्थीहरु विज्ञान, गणित तथा अंग्रेजी विषयमा बढी असफल हुने गरेको पाइयो ।

- श्रमिक विद्यार्थीहरुको शैक्षिक उपलब्धि न्यून हुने कारणहरुबारे शिक्षकहरुको प्रतिक्रियामा परिवारमा आर्थिक समस्या हुनु, गरीबी बालबालिकालाई श्रम मजदुरी गर्नुपर्ने, अभिभावकमा शैक्षिक चेतनाको कमी, नियमित रुपमा विद्यालय उपस्थित हुन नसक्नु, घरायसी कामको व्यस्तता आदि प्रतिक्रिया दिएको पाइयो ।

- श्रमिक विद्यार्थीहरुको शैक्षिक उपलब्धि राम्रो बनाउने उपायहरुबारे शिक्षकहरुको प्रतिक्रियामा श्रमिक विद्यार्थीलाई श्रम गर्नबाट मुक्त गरिनुपर्ने शैक्षिक जनचेतना जगाउनुपर्ने, निशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था गर्नुपर्ने, विद्यालयमा नियमित उपस्थित गराई बढि भन्दा बढि कक्षा क्रियाकलापमा संलग्न गराउनुपर्ने, राज्य तथा अन्तर्गतका निकायबाट नीति नियमहरु कार्यान्वयन गरिनुपर्ने, विद्यार्थीलाई घरमा पढाइको वातावरण पर्याप्त दिनुपर्ने भन्ने प्रतिक्रियामा लगभग सतप्रतिशत शिक्षकहरुले प्रतिक्रिया दिएको पाइयो ।

### ५.१.३ श्रमिक बालबालिकाको शैक्षिक समस्या

- श्रमिक बालबालिकाका शैक्षिक समस्याहरु के-के छन् भनि अभिभावक, शिक्षक र स्वयम् श्रमिक विद्यार्थीलाई सोधेको प्रश्नमा घरमा आर्थिक समस्या हुनु, गरीब, घरायसी कामदारको रुपमा काम गर्नु, घरमा काम गर्नुपर्ने, स्टेशनरी, ड्रेस किन्न आर्थिक अभाव हुनु विद्यालयमा अन्य साथीहरुबाट हेपिनु आदि जस्ता समस्या छन् भन्ने प्रतिक्रिया पाइयो ।

## ५.२ निष्कर्ष

अध्ययनका साधनहरुको प्रयोगबाट संकलित तथ्यांक र सूचनाहरुको विश्लेषण र व्याख्याद्धारा यस अध्ययनमा निम्न लिखित निष्कर्ष पाइयो ।

श्रमिक बालबालिकाहरुको शैक्षिक स्थिति अध्ययन गर्दा खासगरि उनिहरुको शैक्षिक स्तर, उपलब्धि शिक्षाको पहुँच जस्ता कुराहरु हेर्दा उनिहरुको कार्य व्यस्तता,मजदुरी,पढ्ने समयको अभाव,आर्थीक विषमता जस्ता कारणहरुले कक्षा दोहोऱ्याउने श्रमिक विद्यार्थीहरुको बाध्यता देखिन्छ । समग्रमा २०२ जना विद्यार्थी मध्ये जम्मा २५ जना विद्यार्थीले कक्षा दोहोऱ्याएकोमा ति मध्ये श्रमिक विद्यार्थीहरु २० जना भएको देखिन्छ । यसको विश्लेषणबाट के भन्न सकिन्छ भने ८० प्रतिशत कक्षा दोहोऱ्याउने विद्यार्थीहरु श्रमिक छन् । छात्राहरु घरको काम खासगरी खानापकाउने, भाडा माभ्ने, लुगा धुने, बच्चा हेर्ने जस्ता कामहरु छात्रले भन्दा थप गर्नुपरेकोले छात्रको तुलनामा बढि मात्रामा छात्रा श्रमिक विद्यार्थीले कक्षा दोहोऱ्याएको देखिन्छ । डाकार (Dakar) मा भएको सहमतिमा प्राथमिक तथा शिक्षाको माध्यमबाट सन् २००५ सम्मका लैङ्गिक विभेद अन्त्य गर्ने भनिएता पनि अझैपनि लैङ्गिक विभेद कायमै रहेको देखिन्छ । त्यस्तै विद्यालय जाने उमेर समुहका सम्पूर्ण बालबालिकालाई विद्यालयमा भर्ना गराउन बृहत रुपमा विभिन्न कार्यक्रम सञ्चालन भए पनि १६% बालबालिकालाई अझै विद्यालय बाहिर रहेको र भर्ना भएका विद्यार्थीहरुको पनि नियमितता तथा टिकाउदर कम देखिन्छ । त्यस्तै श्रमिक विद्यार्थीहरु विद्यालय उपस्थिती रहेको दिन कक्षा सक्रियता, गृहकार्य तथा अतिरिक्त क्रियाकलापमा पर्याप्त सक्रिय रहेको देखिन्छ । बाट के स्पष्ट हुन्छ भने श्रमिक विद्यार्थीहरु कामको व्यस्तताको बावजुद पनि फुर्सदको समयमा पढ्न पाएको कारण उनीहरुको पढाइप्रति रुची जागेको पाइयो त्यस्तै श्रमिक विद्यार्थीहरु कामको क्षेत्रमा जसरी शारिरिक, मानसिक रुपमा सक्रिय भई लागिरहेका हुन्छन् त्यस्तै व्यस्तताको बावजुद पनि फुर्सदको समयमा पढ्न पाएको कारण उनीहरुको पढाइप्रति शारिरिक तथा मानसिक रुपमा जगरुक तथा सक्रिय रहेको पाइन्छ । अन्य विद्यार्थीको तुलनामा श्रमिक विद्यार्थीहरुको उपलब्धि कम देखिन्छ । यसो हुनुमा दिनभरि काम गरी फुर्सदका समयमा पढ्ने विद्यार्थी र पढ्न पाउने विद्यार्थी बीचको उपलब्धि फरक नै हुन्छ । “समय हुँदा पढ्ने र समय भएर पढ्ने” विद्यार्थीको उपलब्धि फरक नै हुन्छ । न्यून रुपमा भएपनि छात्राको तुलनामा छात्रहरु अगाडि देखिन्छ । पनि छात्राहरु घरको काम खासगरी खानापकाउने, भाडा माभ्ने, लुगा धुने, बच्चा हेर्ने जस्ता कामहरु छात्रले भन्दा थप गर्नुपरेकोले छात्रको तुलनामा छात्राहरुको उपलब्धिस्तर कम देखिन्छ ।

नियमित रुपमा अनुत्तीर्ण हुनु, नियमित विद्यालय उपस्थित हुन नसक्नु, घरायसी कामको व्यस्तता, उपयुक्त शैक्षिक वातावरणको कमी, शैक्षिक जनचेतनाको कमी, घरपरिवारमा निर्देशन गर्ने अभिभावकको अभाव, आर्थिक अवस्था कमजोर, बालश्रम आदि जस्ता कारणहरुले श्रमिक बालबालिकाहरु

विद्यालय नजाने र गएपनि बीचैमा छाड्ने गरेको देखिन्छ। श्रमिक विद्यार्थीले धेरैले घरमा पर्याप्त अध्ययन गर्ने समय पाएको देखिदैन । त्यसैगरी श्रमिक विद्यार्थीको उपलब्धि मध्यम खालको देखिन्छ । शैक्षिक उपलब्धिस्तर राम्रो बनाउनको लागि घरपरिवारका पढ्ने समय दिनुपर्ने, बालबालिकालाई श्रमबाट मुक्त गरिनुपर्ने, सरकारी नीति नियमहरु कार्यान्वयन हुनुपर्ने, निशुल्क र अनिवार्य शिक्षाको व्यवस्था हुनुपर्ने देखिन्छ।

## ५.३ सुझावहरु

- श्रमिक बालबालिकाको विद्यालय सहभागिता बढाउन विद्यार्थी, तथा संरक्षक हरु को भनाइ अनुसार पुर्ण छात्रवृत्ति तथा ड्रेस, स्टेशनरी लगायतका सामान उपलब्ध गराउनसपर्ने देखिन्छ।
- श्रमिक बालबालिकाको विद्यालय सहभागिता बढाउन विद्यालय भर्नादरमा वृद्धि, कक्षा छाड्ने प्रवृतिमा कमी ल्याउनका लागी उनीहरुका अभिभावकलाई विद्यालयमा बोलाएर उनीहरुको चेतनामा विकास हुने कार्यक्रम गर्नुपर्दछ।
- श्रमिक विद्यार्थीलाइ कक्षामा विद्यार्थीहरुका बिचमा हुने हेपाहा प्रवृति साथिभाइहरुबाट नै विभिन्न किसिमको विभेद गर्ने होच्याउने प्रवृति भएको पाइएकोले उनिहरुलाइ विद्यालयमा विशेष संरक्षण प्रदान हुनुपर्ने ।
- विद्यालय नियमित हुने, गृहकार्य गर्ने विद्यार्थीलाइ पढाइप्रति हौसला,प्रेरणा प्रदान गर्न पुरस्कारको व्यवस्था गर्नुपर्दछ ।
- बालबालिकाहरुलाइ शिक्षकले कक्षामा सक्रिय हुन सघाउने र अतिरिक्त क्रियाकलापमा भाग लिन प्रोत्साहित गर्नु पर्दछ।
- नेपाल सरकारले विश्वका मजदुर हरुको नारा आठ घण्टा काम, आठ घण्टा आराम, आठ घण्टा मनोरञ्जनलाइ कानुनी रुपमा व्यवस्था गरी त्यसलाइ कार्यान्वयन गर्ने भनेको छ तर अध्ययनमा १३ घण्टा सम्म लगातार रुपमा काम गर्ने केहि विद्यार्थीकरुबाट प्रतिक्रिया पाइएकोले बाल श्रमिकलाइ बाल श्रम बाट मुक्त गनुपर्ने र बालश्रम शोषण गर्नेलाइ कारबाही गरीनुपर्ने देखिन्छ।
- त्यस्तै विद्यार्थीहरुले घरमा आफुले पर्याप्त पढ्ने समय नपाएर परीक्षमा फेल हुने गरेको वताएका थिए तसर्थ बालश्रमिकका संरक्षकले बालबालिकालाइ घरमा पर्याप्त पढ्ने समय तथा वातावरण दिनुपर्ने देखिन्छ।

## सन्दर्भग्रन्थ सूची


काफ्ले, बासुदेव, ढकाल, हेमराज, अधिकारी,किसानप्रसाद, (२०६५), ***शिक्षामा सामाजिक न्याय,*** काठमाडौंः स्टुडेन्टस बुक्स एण्ड डिष्ट्रिव्युटर्स ।

डीनको कार्यालय (२०५९). ***सामाजिक न्याय शिक्षा,*** काठमाडौंः त्रि.वि.शिक्षाशास्त्र संकाय ।

***दशौं योजना*** , (२०५९-०६४), काठमाडौंः नेपाल सरकार, राष्ट्रिय योजना आयोग ।

दाहाल, काशीराज (२०५१), ***श्रम कानुन,*** काठमाडौंः पैरवी प्रकाशन ।

***नेपालको अन्तरिम संविधान*** ,(२०६३),काठमाडौंःकानुन तथा न्याय मन्त्रालय ।

पोखेल ,राधा (२०६२), ***प्राथमिक तहमा सुकुम्बासी बालबालिकाको सहभागीता,*** अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रिय विभाग त्रिभुवन विश्वविद्यालय ,कीर्तिपुर ।

भट्टराई,बुद्धिराम(२०६१) ***विद्यालयमा दलित विद्यार्थीको सहभागीता*** ,अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रिय विभाग त्रिभुवन विश्वविद्यालय ,कीर्तिपूर ।

चौधरी,लक्ष्मी(२०६०) ***सुकुम्वासी बस्तिका बाल श्रमिकको विद्यालयमा सहभागीता,*** अप्रकाशित शोधपत्र, समाजशास्त्र केन्द्रिय विभाग त्रिभुवन विश्वविद्यालय ,कीर्तिपूर ।

प्रधान, गौरी (२०६२), ***अध्यारोबाट उज्यालोतर्फ,*** काठमाडौंः सिविन नेपाल ।

प्रधान, गौरी (सन् १९९६), ***अन्यायपूर्ण तथा शोषणमूलक श्रम सम्बन्धहरु,*** काठमाडौंः सिविन नेपाल ।

***बालबालिका सम्बन्धि ऐन*** ,(२०४८), नेपाल सरकार,कानुनी किताबखाना ।

***बालश्रम निषेध र नियन्त्रित गर्न बनेको ऐन*** ,(२०५६), नेपाल सरकार,कानुनी किताबखाना ।

शर्मा, गोपीनाथ, (२०६६),***नेपालका शिक्षाआयोगका प्रतिवेदाहरु,*** काठमाडौंः मकालु बुक्स एण्ड स्टेशनर्श पुतलीसडक ।

शर्मा, चिरञ्जिवी र निर्मला *(२०६२)* ***शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,*** काठमाडौंः एम के पब्लिसर्श एण्ड डिष्ट्रीव्युटर्स ।

***शिक्षाका तथ्याङ्कहरु ,***(२०६५), काठमाडौंः नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय ।

***सबैका लागी शिक्षा*** , (सन् २००३), काठमाडौंः नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय ।

श्रेष्ठ, ज्ञाइन्द्रबहादुर, (२०५५), ***ऐन संङग्रह*** , काठमाडौः पैरवी प्रकाशन ।

***श्रम ऐन*** ,(२०४८), नेपाल सरकार, कानुनी किताबखाना ।

***त्रिवर्षीय योजना*** , (२०६४/०६५-२०६६/०६७), नेपाल सरकार, राष्ट्रिय योजना आयोग ।

CWIN. (2064). ***Child labour in Nepal***. Kathmandu: writer.

CERID. (2007). ***Formative Research Report***. Kathmandu: Writer.

***Save The Children***. (2010). Annual Report. Kathmandu: Writer.

## अनुसूची-१

## छनोटका परेको विद्यालयको नाम

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री नन्दीरात्री मा.वि. | नक्साल, काठमाडौं |

## अनुसूची-२

## छनोटमा परेका प्रधानाध्यापक र शिक्षकहरुको नामावली (सामुदायिक विद्यालय)

| क.सं. | नाम | पद | विद्यालय |
|---|---|---|---|
| १ | विजय लक्ष्मी शर्मा | प्र.अ. | श्री नन्दीरात्री मा.वि., नक्साल |
| २ | मोहन भट्ट | शिक्षक | श्री नन्दीरात्री मा.वि., नक्साल |
| ३ | विष्णुप्रसाद अधिकारी | शिक्षक | श्री नन्दीरात्री मा.वि., नक्साल |
| ४ | बिरेन्द्र शाह | शिक्षक | श्री नन्दीरात्री मा.वि., नक्साल |
| ५ | भरत चौधरी | शिक्षक | श्री नन्दीरात्री मा.वि., नक्साल |
| ६ | सिला उपाध्याय | शिक्षक | श्री नन्दीरात्री मा.वि., नक्साल |

## अनुसूची-३

## छनोटमा परेका बालश्रमिकको संरक्षकहरुको विवरण

| क.सं. | नाम | पेशा |
|---|---|---|
| १ | सृजना बुढाथोकी | व्यापार |
| २ | प्रेम अधिकारी | व्यापार |
| ३ | रविन्द्र महर्जन | शिक्षक |
| ४ | श्याम कुमार खड्गी | व्यापार |
| ५ | जीत बहादुर श्रेष्ठ | कृषि |

## अनुसूची - ४

## विद्यालयको विद्यार्थी विवरण फाराम

विद्यालयको नाम :

क)  श्रमिक बालबालिकाको कक्षागत भर्ना विवरण :-

| साल | २०६८/०६९ | | | २०६९/०७० | | |
|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्रा | छात्र | जम्मा |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| जम्मा | | | | | | |

ख)  श्रमिक बालबालिकाको शैक्षिक स्थिति विवरण २०६९

| कक्षा | परिक्षामा सम्मिलित | | | उत्तिर्ण | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| जम्मा | | | | | | |

ग)　　श्रमिक बालबालिकाका कक्षा छाड्ने र दोहो-याउने विवरण २०६९

| कक्षा | भर्ना संख्या | कक्षा छाड्ने | | | कक्षा दोहो-याउने | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| जम्मा | | | | | | | |

## अनुसूची - ५

## प्र.अ का लागि अन्तरवार्ता निर्देशिका

प्र.अ को नाम :

ठेगाना :

१. श्रमिक विद्यार्थीहरुको भर्ना सन्तोषजनक छ कि छैन ? भर्ना भएका विद्यार्थीहरुको विद्यालयमा नियमितता कस्तो रहेको पाउनु भएको छ ?

..................................................................................................................

२. श्रमिक विद्यार्थीहरु विद्यालय नजाने र गएपनी बिचैमा कक्षा छाड्ने कारणहरु के-के होलान् ?

..................................................................................................................

..................................................................................................................

३. तपाइको बिचारमा श्रमिक विद्यार्थीको अन्य विद्यार्थीहरुको तुलनामा शैक्षिक उपलब्धि कस्तो रहेको पाउनुभएको छ ?अन्य रेकर्डहरु हेर्दा तुलनात्मक रुपमा श्रमिक विद्यार्थीको अन्य विद्यार्थीहरुको तुलनामा शैक्षिक स्थिति नराम्रो देखिन्छ , यस्तो हुनुका कारणहरु के-के होलान् ?

..................................................................................................................

..................................................................................................................

४. तपाइको बिचारमा श्रमिक विद्यार्थीको शैक्षिक उपलब्धिस्तर राम्रो बनाउन के-के गनुपर्ला ?

..................................................................................................................

..................................................................................................................

५. तपाइँको विचारमा श्रमिक बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउन के गर्नुपर्ला ?

..................................................................................................................

६. तपाइँको विचारमा श्रमिक बालबालिकाहरुको शैक्षिक समस्या तथा अबरोधहरु के के होलान् ?

..................................................................................................................

..................................................................................................................

७. तपाइँको विचारमा श्रमिक बालबालिकाहरुको शैक्षिक अवस्था सुधारका लागि गरिएका निति तथा कार्यक्रमहरु कार्यन्वयन भएको जस्तो लाग्छ ? थप के कस्ता कार्यक्रमहरु ल्याउनुपर्छ जस्तो लाग्छ ?

..................................................................................................................

. ..................................................................................................................

## अनुसूची - ६

## शिक्षकका लागि प्रश्नावली

शिक्षकको नाम :

ठेगाना :

१. श्रमिक विद्यार्थीहरुको भर्ना सन्तोषजनक छ कि छैन ? भर्ना भएका ति विद्यार्थीहरुको विद्यालयमा नियमितता कस्तो छ,, विद्यार्थीहरुले कत्तिको कक्षा सक्रियता देखाउदछन् कस्तो रहेको पाउनु भएको छ ?

..............................................................................................................

..............................................................................................................

२. श्रमिक विद्यार्थीहरु विद्यालय नजाने र गएपनी बिचैमा कक्षा छाड्ने कारणहरु के-के होलान् ?

..............................................................................................................

..............................................................................................................

३. तपाइको बिचारमा श्रमिक विद्यार्थीको अन्य विद्यार्थीहरुको तुलनामा शैक्षिक उपलब्धि कस्तो रहेको पाउनुभएको छ ?अन्य रेकर्डहरु हेर्दा तुलनात्मक रुपमा श्रमिक विद्यार्थीको अन्य विद्यार्थीहरुको तुलनामा शैक्षिक स्थिति नराम्रो देखिन्छ , यस्तो हुनुका कारणहरु के-के होलान् ?

..............................................................................................................

..............................................................................................................

४. तपाइको बिचारमा श्रमिक विद्यार्थीको शैक्षिक उपलब्धिस्तर राम्रो बनाउन के-के गनुपर्ला ?

..............................................................................................................

..............................................................................................................

५. तपाइँको विचारमा श्रमिक बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउन के गर्नुपर्ला ?

..............................................................................................................

..............................................................................................................

६. तपाइँको विचारमा श्रमिक बालबालिकाहरुको शैक्षिक समस्या तथा अबरोधहरु के के होलान् ?

..............................................................................................................

..............................................................................................................

७. तपाइँको विचारमा श्रमिक बालबालिकाहरुको शैक्षिक अवस्था सुधारका लागि गरिएका निति तथा कार्यक्रमहरु कार्यन्वयन भएको जस्तो लाग्छ ? थप के कस्ता कार्यक्रमहरु ल्याउनुपर्छ जस्तो लाग्छ ?

..............................................................................................................

..............................................................................................................

## अनुसूची - ७

## बालश्रमिकको संरक्षकहरुका लागी अन्तवार्ता प्रश्नावली

नाम :

ठेगानाः

पेशाः

१. तपाइका सबै केटा केटीहरु विद्यालय भर्ना भएका छन् ? नभएको भए किन होला ?

.......................................................................................................................

.......................................................................................................................

२. श्रमिक बालबालिकाहरु विद्यालयमा कम भर्ना हुन्छन् नि, उनिहरुको विद्यालय सहभागीता किन कमि भएको होला ?

.......................................................................................................................

३. तपाइको विचारमा श्रमिक बालबालिकाहरु नियमित विद्यालय नजाने र कक्षा छाड्ने कारणहरु के-के होलान् ?

.......................................................................................................................

.......................................................................................................................

५. विद्यालयमा दिईएको शिक्षा सम्बन्धमा तपाईको विचार के छ ? कस्तो प्रकारको शिक्षा चाहनुहुन्छ ?

.......................................................................................................................

.......................................................................................................................

६. तपाइँको विचारमा श्रमिक समुदायका बालबालिकाहरुको विद्यालयमा भर्ना बढाउन के-के कुराहरु गर्न आवश्यक छ ?

.......................................................................................................

.......................................................................................................

७. तपाइँको विचारमा श्रमिक बालबालिकाहरुको शैक्षिक समस्या तथा अवरोधहरु के के होलान् ?

.......................................................................................................

.......................................................................................................

८. तपाइँले आफ्ना बालबालिकाहरुलाई विद्यालयमा बाहेक घरमा पढ्ने शैक्षिक बातावरण मिलाउनु भएको छ कि छैन ? उनिहरु विशेष गरी घरमा कती समय कुन समयमा पढ्ने गर्छन् ?

.......................................................................................

.......................................................................................................

## अनुसूची - ८

## विद्यार्थीका लागी प्रश्नावली

विद्यार्थीको नाम : मितिः

कक्षा : उमेरः

लिङ्ग

१. के तपाई पढ्ने बाहेक अरु काम पनि गर्नुहुन्छ ?

(क) गर्छु ( ) (ख) गर्दिन ( )

२. यदि गर्नुहुन्छ भने के काम गर्नुहुन्छ ?

(क) कसैको घरमा काम गर्छु ( )

(ख) कारखानमा काम गर्छु ( )

(ग) पसलमा काम गर्छु ( )

(घ) बस/टेम्पोमा काम गर्छु ( )

(ङ) अन्य .........................

३. कुन समयमा कति घण्टा काम गनुहुन्छ ?

(क) बिहान......... बजेदेखि ............ बजेसम्म

(ख) दिउँसो ...........बजेदेखि ........... बजेसम्म

(ग) रातिको समयमा ............ बजेदेखि .............. बजेसम्म

४. तपाईहरुलाई नियमित विद्यालय आउन मन लाग्छ ?

(क) लाग्छ ( ) (ख) लाग्दैन ( )

५. यदि लाग्दैन भने किन लाग्दैन ? केही समस्या छ ?

..........................................................................................................................

..........................................................................................................................

६. गृहकार्य दिन दिनै गर्ने गरेका छौं ?

(क) छु (   ) (ख) छैन (   )

७. यदि नगरेको भए किन केही समस्या छ ?

...........................................................................................................

...........................................................................................................

८. घरमा विशेष गरी कुन समय कति घण्टा पढ्ने गर्छौं ?

...........................................................................................................

...........................................................................................................

९. विद्यालयमा अतिरिक्त क्रियाकलापमा सहभागी हुने गरेका छौं ?

(क) छु (   ) (ख) छैन (   )

१०. तपाईलाई विद्यालयमा केही समस्याहरु आइपरेका छन् कि छैनन् ?

(क) छ (   ) (ख) छैन (   )

११. यदि छन् भने के के समस्याहरु आइपरेका छन् ?

...........................................................................................................

...........................................................................................................

१२. तपाइको विचारमा श्रमिक बालबालिकाहरुको विद्यालयमा शैक्षिक सहभागिता बढाउन के-के उपायहरु अपनाउनुपर्ला ?

...........................................................................................................

...........................................................................................................

१३. तपाईको विचारमा श्रमिक बालबालिकाहरुको शैक्षिक समस्या तथा अवरोधहरु के के होलान् ?

...........................................................................................................

...........................................................................................................